ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्ष:२६ ॥ अंक: ०१ ॥ शुक्रबार २९ जेठ २०८३ ॥ द्वादशी ॥ ने.सं. ११४६ ॥ अनलागा ॥ Friday 12 June 2026 ॥ पृष्ठ: ४ ॥ मूल्य: रु.३/-

हामी २६ औं बर्ष प्रवेश

## प्रकाशकीय

### हाम्रो यात्रा

# यात्रा २६ औं वर्षको

यहाँहरुको प्रिय यस दैनिक आज शुक्रबारको शुभविहानी संगै २६ औं वर्षमा प्रवेश गरेको छ । यो लामो यात्रामा निरन्तर साथ र सहयोगका लागि हामी आदरणीय पाठक, वितरक, विज्ञापनदाता र शुभेच्छुकहरुप्रति आभार व्यक्त गर्दछौं । सूचनाप्रविधिको विकाससंगै सामाजिकसञ्जालको उछाललले छापा पत्रकारिताको विस्तारमा पक्कै पनि चुनौती थपेको छ । तर, सत्य र झुट तथा सत्य र भ्रमको सीमा पनि एकदम साँघुरिएको छ । समाचारको प्रामाणिकता र प्रशोधनका लागि हाल पनि छापा पत्रकारिताको विकल्प तयार भइसकेको छैन । हामीले आफ्नो जमिन त्यहीं देखेका छौं । आदरणीय पाठकवर्गलाई थाहै छ–हाम्रो छापा पत्रकारितामा समाचारदेखि फिचर र विचारसम्म प्रदेशमा सबभन्दा धेरै प्रयोग गरेको पत्रिका हो । रचनात्मक प्रयोगको हाम्रो प्रयास निरन्तर जारी रहनेछ । यहाँहरुबाट पनि हालसम्मको प्राप्त प्रेम र सद्भावले निरन्तरता पाउनेमा पूर्ण आशावादी छौं ।

**हेटौंडा सन्देश** स्थापनाको २६ औं वर्षमा प्रवेश गरेको पुनित घडीमा हाम्रा श्रद्धेय पाठक, विज्ञापनदाता, स्तम्भकार, सहकर्मी, शुभेच्छुक सबैमा धन्यबादज्ञापन गर्न चाहन्छौं । तपाईंहरुले दिएको न्यानो मायाले हाम्रो यात्रा सहज भएको हो भन्न पाउंदा हामीलाई खुशी लागेको छ । हाम्रो प्रकाशनले केही वर्षयता अनियमितताविरुद्ध निरन्तर खबरदारी गर्दै आएको छ । यस शृंखलामा बितेको वर्ष धेरै अर्थमा हाम्रा निम्ति अर्थपूर्ण रह्यो जुन आगामी दिनमा पनि रहने नै छ ।

हामीले सुरु गरेका स्थानीयस्तरका दर्जनौं खोजी समाचारले निष्कर्षमा पुग्ने मौका पाएका छन् । अनियमिततामा संलग्न व्यक्तिहरुमाथि कारबाही हुन थाल्नुले हाम्रा समाचारको विश्वसनीयता पुष्टि गरेका छन् । मुलुक संघीय गणतन्त्रको वास्तविक कार्यान्वयनमा प्रवेश गरिसकेको छ । तीन तहका सरकार छन् । बेला आएको छ यी निकायले काम गरी देखाउने । तिनले आफूलाई जति क्रियाशील बनाउंछन्, त्यति नै संघीयता सफलतातिर अग्रसर हुन्छ । विकासका निम्ति हाम्रा माध्यम सदैंव सक्रिय हुनेछन् । संघीय लोकतन्त्र त्यति बेलामात्र सफल हुन्छ, जति बेला हामीले यसलाई थप पारदर्शी तुल्याउंछौं । पारदर्शिताले मात्र हालको लोकतन्त्रलाई बलियो बनाउंछ । त्यसनिम्ति हामी सरोकारवालाहरुलाई निरन्तर घचघच्याउंछौं । हामी 'भ्रष्टाचारविरुद्ध र प्रजातन्त्रको पहरेदार' का रुपमा अभियानकै रुपमा अगाडि बढाउंदैछौं । कहींकतै अनियमितता भएका छन् भने हामी तिनलाई सशक्तढंगले खोज गरी पाठकसमक्ष प्रस्तुत गर्न तत्पर छौं ।

हामी लोकप्रिय **हेटौंडा सन्देश दैनिक**मार्फत् विश्वसनीय खबर पस्किंदैमात्र छैनौं, प्रविधिले ल्याएको अवसरलाई आत्मसात् गरी डिजिटल पत्रकारितामा पनि उत्तिकै सक्रिय हुँदैछौं । आगामी वर्षको उद्धेश्य हाम्रो प्रकाशनलाई थप विश्वसनीय बनाउने हो । आमपाठकलाई रुचिकर र जान्नैपर्ने सूचनाका निम्ति आफूलाई क्रियाशील तुल्याउनेछौं । भ्रष्टाचार हाम्रो मुलुक र लोकतन्त्रको प्रमुख शत्रु हो । त्यसविरुद्ध क्रियाशील हुन हामीले बढीभन्दा बढी खोजमूलक सामग्रीहरु प्रस्तुत गर्ने अठोट यस घडीमा गर्छौं ।

हामीले हाम्रा समाचार र विचारलाई तथ्यपूर्ण बनाउन निरन्तर कोशिस गर्‍यौं । पत्रिकालाई सशक्त तुल्याउंदै प्रकाशनलाई निरन्तरता दियौं । हाल त झन् सरकारी विज्ञापनमा नै रोक लगाएर सरकारले घांटी नै निमोठ्ने कुत्सित प्रयास गरिरहेको छ । पत्रकारिता क्षेत्रमा निरन्तर क्रियाशील भइ योगदान गर्ने प्रतिबद्धतामा हाम्रो कुनै कमी आएको छैन । हामी यस क्षेत्रमा हामीले बसाएको जग थप बलियो बनाउन आगामी दिनमा क्रियाशील हुनेछौं । स्थिति अनुकूल भएपछि हाम्रो गति अझै बढ्ने निश्चित छ ।

***केदारप्रसाद न्यौपाने*** *(प्रकाशक)*

*बागमतीमा रास्वपा :*

# समावेशीताको मुद्दा बोक्ने दलमै महिलाको नेतृत्व शून्य

सुनिता बिष्ट



हेटौडा/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले स्थापनाकालदेखि नै पारदर्शिता, सुशासन, समावेशिता र नयाँ राजनीतिक संस्कृतिको वकालत गर्दै आएको छ । पुराना दलहरूले महिला, युवा तथा सीमान्तकृत समुदायलाई नेतृत्वमा पर्याप्त अवसर दिन नसकेको आरोप लगाउँदै आएको रास्वपाले आफूलाई वैकल्पिक राजनीतिक शक्तिका रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ । तर, बागमती प्रदेशमा सम्पन्न जिल्ला अधिवेशनहरूको परिणामले भने पार्टीको समावेशी अभ्यासमाथि गम्भीर प्रश्न चिन्ह खडा गरेको छ ।

बागमती प्रदेशका १३ जिल्लाहरु मध्ये सिन्धुपाल्चोकबाहेक १२ जिल्लाको अधिवेशन सम्पन्न भइसकेको छ । काठमाडौं, चितवन, दोलखा, धादिङ, सिन्धुली, रसुवा र नुवाकोटमा निर्वाचन प्रक्रियाबाट पदाधिकारीदेखि सदस्यसम्म चयन गरिएको छ । काभ्रे, रामेछाप, ललितपुर, भक्तपुर, मकवानपुरमा भने सर्वसम्मतमा नयाँ कार्यसमिति चयन भएको छ ।

रसुवाको जिल्ला अधिवेशनबाट बसन्त भट्ट सभापतिमा निर्वाचित भए । उनका निकटतम प्रतिद्वन्द्वी सविन सापकोटाले ४१ मत प्राप्त गरेका थिए । रास्वपा नुवाकोटको जिल्ला सभापतिमा २५ वर्षीय रामेश्वर गजुरेल निर्वाचित भएका छन् । चितवनको अधिवेशनबाट इन्जिनियर माधव खनाल जिल्ला सभापतिमा निर्वाचित भए ।

रास्वपा भक्तपुरको सभापतिमा रामेश्वर बस्नेत निर्विरोध निर्वाचित भए । काठमाडौं जिल्ला सभापतिमा राजा शाक्य निर्वाचित भए । ललितपुरमा बुद्धरत्न महर्जन, काभ्रे सभापतिमा प्रवीणकुमार ढकाल, मकवानपुरको सभापतिमा सञ्जीव पाठक, सिन्धुली सभापतिमा अविनाश बस्नेत, रामेछापमा रमेश कुमार रायमाझी, धादिङको जिल्ला सभापतिमा राजन अर्याल र दोलखामा दिनेश बस्नेत निर्वाचित भए ।

जिल्लामा मात्रै होइन, बागमती प्रदेशको प्रथम अधिवेशनमा पनि प्रदेश सभापति पदका लागि दर्ता भएका उम्मेदवारहरूको सूचीमा कुनै महिलाको नाम समावेश देखिदैन् । प्रदेश सभापतिका लागि निवर्तमान सभापति तथा सांसद डा. अच्युतम लामिछाने, उत्सव अर्याल, हरि प्रसाद खत्री र कृष्णमान शाक्यले उम्मेदवारी दर्ता गरेका छन् ।

रास्वपाले संसद्, सार्वजनिक मञ्च र राजनीतिक बहसहरूमा महिला सहभागिता तथा समावेशी प्रतिनिधित्वको पक्षमा निरन्तर आवाज उठाउँदै आएको छ । पार्टीभित्र पनि महिला सांसद र नेतृहरूको उपस्थिति रहेको छ । तर जिल्ला र प्रदेश नेतृत्वको सबैभन्दा महत्वपूर्ण पद मानिने सभापतिमा महिलाको उपस्थिति भने शुन्य छ ।

पार्टीका नेताहरू भने महिलालाई अवसर दिन खोजिए पनि नेतृत्वका लागि महिलाहरू स्वयं अग्रसर नभएको तर्क गर्छन् । उनीहरूका अनुसार जिल्ला अधिवेशनहरूमा सभापति पदका लागि कुनै महिलाले उम्मेदवारी नदिएकाले पुरुष नेतृत्व चयन भएको हो । महिलाहरूले नेतृत्वका लागि थप आत्मविश्वासका साथ अघि बढ्नुपर्ने नेताहरुको तर्क छ । अधिवेशन सम्पन्न भएको बागमतीको जिल्लाहरु र प्रदेश कमिटीमा पनि महिला नेतृले नेतृत्वको लागि दाबी नै नगरेको रास्वपा बागमती प्रदेशका निर्वतमान सभापति अच्युतम लामिछाने बताउँछन् ।

'हाम्रो पार्टी समावेशीताको पक्षमा सधैँ गम्भीर भएको पार्टी हो, तर पार्टी नेतृत्वको विषयमा भने पक्कै पनि कमजोर देखिएकै छ,' लामिछानेले भने, 'महिलालाई नेतृत्व नदिएको भन्ने चाहिँ हुँदै होइन । बरु उहाँहरु आफै नेतृत्व क्षमतामा अघि नआउनु भएको हो । उपसभापति र सह-सचिवमा भने आकंक्षा देखाउने धेरै महिला साथी हुनुहुन्छ ।'

तर, राजनीतिक विश्लेषकहरू भने यसलाई केवल महिलाको इच्छा शक्ति वा आकांक्षाको विषय बनाएर हेर्न नमिल्ने बताउँछन् । उनीहरूका अनुसार कुनै पनि संगठनमा महिला नेतृत्व विकास हुन नेतृत्वमा पुग्ने वातावरण, अवसर, प्रशिक्षण, प्रोत्साहन र निर्णय प्रक्रियामा पहुँच महत्वपूर्ण हुन्छ । यदि महिलाहरू नेतृत्वका लागि अघि बढिरहेका छैनन् भने त्यसको कारण खोज्ने र आवश्यक वातावरण निर्माण गर्ने जिम्मेवारी पार्टीकै हुने मकवानपुरका राजनीतिक विश्लेषक भोजराज ढकाल बताउँछन् ।

नेपालको संविधानले राज्यका सबै निकायमा समावेशी प्रतिनिधित्वको सिद्धान्तलाई आत्मसात् गरेको छ । राजनीतिक दलसम्बन्धी कानुन तथा निर्वाचन प्रणालीलेसमेत महिलाको सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरेका छन् । यद्यपि अधिकांश दलहरूमा जस्तै रास्वपाको संगठनात्मक नेतृत्वमा पनि पुरुष वर्चस्व कायम रहेको तथ्य बागमती प्रदेशमा सम्पन्न जिल्ला अधिवेशनले उजागर गरेको छ ।

बागमती प्रदेशका जिल्ला र प्रदेश नेतृत्वमा महिलाको शून्य उपस्थितिले रास्वपाको समावेशीता प्रतिको प्रतिबद्धतामाथि प्रश्नचिन्ह खडा गरेको मकवानपुरका राजनीतिक विश्लेषक ढकालको भनाइ छ ।

यसैबिच अन्य दल त्याग गरेर अवसरका लागि रास्वपा प्रवेश गरेका महिला नेतृहरुले पनि त्यहा पुरुष नेताहरुकै होडबाजी र महिलाको बारेमा सोच्ने फुर्सद कसैसंग नभएको भन्दै एक नेतृले भनिन् "जुनै जोगी आए पनि कानै चिरेको ।"

## हेटौंडाकी रोजीले जितिन् ग्राण्ड एसईई अवार्ड




सन्देश संवाददाता

हेटौंडा/विद्यालय शिक्षाको पहिलो गेट एसईई परीक्षा उत्तीर्ण विद्यार्थीबीचको प्रतिस्पर्धामा हेटौंडा-७ कि रोसमेरी थिङ्गले जित हात पारेकी छन् । काठमाडौंमा सिल्भर इन्टरटेन्मेन्टद्वारा आयोजित ग्राण्ड एसईई अवार्ड-२०२६ मा सहभागीहरुलाई पछि पार्दै उनले ग्राण्ड मिस एसईईको उपाधि उचालेकी हुन् ।

निर्णायकहरुले व्यक्तित्व, प्रस्तुति कला, आत्मविश्वास, प्रतिभा प्रदर्शन तथा समग्र क्षमताका आधारमा विजेताहरु छनौट गरिएको थियो । विभिन्न चरणका प्रतिस्पर्धापछि उत्कृष्ट प्रदर्शन गर्ने सहभागीहरुलाई ताज, पदक, स्यास तथा सम्मानपत्र प्रदान गरिएको थियो । हेटौंडा-७ मा रहेको तासिर इङ्गलिस बोर्डिङ्ग स्कुलबाट एसईई उत्तीर्ण गरेकी उनले उपाधिसहित नगद ५० हजार हात पारिन् । विजेता थिङ्गले नि:शुल्क २ वर्षे एयरहोस्टेज, २ वर्षे कलाकारिता तालिमसहित पुरस्कार हात पारेकी छन् । अध्ययनसँगै कलाक्षेत्रमा पनि लगाव रहेको बताउने उनी करियरमा दुवै पक्षलाई समेटेर अघि बढाउने बताउँछिन् ।

एसईई उत्तीर्ण विद्यार्थीहरुमा रहेको प्रतिभा, आत्मविश्वास, व्यक्तित्व विकास तथा नेतृत्व क्षमतालाई प्रोत्साहन गर्ने उद्धेश्यले प्रतियोगिता आयोजना गरिएको हो । समारोहको आकर्षणका रुपमा विजेतालाई ताज लगाइदिने विशेष क्षण थियो । सहभागीहरुले विभिन्न राउण्डमा आफ्नो क्षमता प्रस्तुत गर्दै दर्शक तथा निर्णायकहरुको मन जितेका थिए । कार्यक्रममा सांस्कृतिक प्रस्तुति, फेशनशो तथा मनोरञ्जनात्मक कार्यक्रमसमेत समावेश गरिएको थियो ।

## मनसुन यही साता 'इन्ट्री' हुने सम्भावना

**काठमाडौं/भारतीय जल तथा मौसम विज्ञान विभागले दक्षिणी बंगालको खाडी हुँदै विस्तार भएको मनसुनी वायु नेपाल प्रवेश गरिसकेको संकेत गरेको छ । भारतले आफ्नो मौसम नक्सामा नेपालको पूर्वी तथा मध्य तराईसम्म मनसुनी प्रणाली विस्तार भएको देखाएको हो । तर, नेपालको जल तथा मौसम विज्ञान विभागले भने मनसुन नेपाल प्रवेश गरेको औपचारिक घोषणा गरिसकेको छैन ।**

**मौसम पूर्वानुमान महाशाखाका मौसमविद् मीनकुमार अर्यालका अनुसार भारतको मौसम विभागले देखाएको संकेतले नेपालको पूर्वी भेगसम्म मौसमी प्रणाली विकास भइरहेको देखिए पनि मनसुन पूर्णरुपमा भित्रिएको निष्कर्ष निकाल्ने अवस्था अझै बनेको छैन । उनका अनुसार मनसुन प्रवेश यकिन गर्न वायुमण्डलमा जलवाष्पको मात्रालगायत सूचकहरुको अध्ययन आवश्यक हुन्छ ।**

**'पूर्वी भूभागमा मनसुनी वायुको गतिविधि देखिन थालेको छ । तर, अझै परिपक्व भइसकेको छैन,' उनले बताए । उनले यही साताभित्र नेपालमा मनसुन प्रवेशको औपचारिक घोषणा हुनसक्ने सम्भावना रहेको पनि उनले उल्लेख गरे ।**

## वक्तृत्वकलामा सुनगाभाकी श्रेष्ठ अब्बल

सन्देश संवाददाता

हेटौडा/हेटौडा उपमहानगर पालिका ६ नं वडा कार्यालयको आयोजना र हेटौडा स्वास्थ्य चौकी चौघडाको ब्यवस्थापनमा भएको वक्तृत्वकला प्रतियोगितामा सुनगाभा शिक्षा निकेतनकी आहान श्रेष्ठ प्रथम भएकि छिन ।

वडा अध्यक्ष जनता घरदैलो कार्यक्रम भविष्यको डाक्टर म अन्तरगत भएको स्वस्थ शहर विषयक वक्तृत्वकला प्रतियोगितामा मुनलाईट ईन्टरनेशनल स्कूलकि दृश्याम पौडेल द्वितीय र बंशगोपाल माध्यमिक विधालयकि सृष्टि गौतम तृतिय भएकि छिन । प्रतियोगितामा ६ नं वडामा रहेका ५ वटा सामुदायिक तथा संस्थागत विधालयका विधार्थीहरुको सहभागिता थियो ।

प्रतियोगितामा टिएन ढुङेल, केशव तिमल्सिना र केदार लामाले निर्णायकको भूमिका निर्वाह गरेका थिए । हेटौडा उपमहानगरपालिका -६ नं वडा अध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम वडा सदस्य विजय पौडेलको सभाध्यक्षतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा वडा सदस्य सरिता सापकोटा, वडा सचिव सितारम अर्याल, टोल विकास संस्था वडा




**उखान:** कसैले तपाईं भनोस् नभनोस् आफैं मपाई।

॥ ॥ बेलाको बोली ॥ ॥

रूख रोप्ने पहिलो उपयुक्त समय २० वर्ष पहिले थियो र दोश्रो उपयुक्त समय अहिले हो

*- चिनिया उखान*

## सम्पादकीय

# कठिन अवस्थाको २५ बर्ष

*बिक्रम सम्बत् २०५८ साल जेठ २८ गतेबाट बिबिधवत् सुरू भएको यस दैनिक आजका दिनदेखि २५ बसन्त पार गर्दै २६ औं बसन्तमा हिड्दैछ । काठमाडौंको प्रभातकालिन दैनिकबाट परिक्षण सुरू गरेर अभ्यस्त भएपछि* ***हेटौंडा सन्देश दैनिक*** *बिधिवतरूपमा दर्ता गरेर कामको सुरूवात गरिएको हो । त्यससमयका अग्रज तथा पुर्वजहरूले देखेको सपनालाई हामीले २०६१ सालदेखि आफ्नो एकल स्वामित्वमा लिएर सुरू गरेका हौं । हाम्रा अग्रजहरूले देखेको र भरोसा गरेको पत्रिकाले आवाज बिहिनहरूको आवाज बनाउने उद्देश्यलाई हामीले पुर्ण त गरेका छौं भन्न सक्दैनौ तर फेल पनि भएका छैनौ भनेर दावी चाही गर्न सक्छौ ।*

*कामको दौरानमा बिगतको बर्षदेखि सञ्चार क्षेत्रमा आएको बाढीका कारण हामी चरम खेप्न बाध्य छौं । सिमीत बिज्ञापनदात र बजार भएकोले पनि सञ्चारगृहरूको बाढीका कारण हामीजस्ता पुराना सञ्चार गृहहरू मारमा परेका हौं । बिज्ञापनदाताको ५ हजारको बजेटलाई १० वटा मिडिया हाउसको बाडफांड गर्दा पछिल्ला दिनमा दामासाहीकै भरमा बाच्नु परेको छ । यसैगरी प्रदेशस्तरको दैनिकमा सूचिकृत भएता पनि प्रदेशस्तरका मन्त्रालय र कार्यालयहरू दलीय आस्थाकै लेभल लगाएर चिन्दैनौ भनेर बिज्ञापन दिन आनाकानी गर्दा समस्या देखिएको हो । स्थानीय तहकै कुरा गर्दा पनि हामीलाई नै सूचना दिदा पनि बिचौलियाको प्रयोग गरेर कमिशनको आधारमा बिज्ञापन दिने कामले मन कुढिएको छ । मकवानपुर जिल्लाबाट प्रकाशित दैनिकहरूमध्ये सबैभन्दा निस्पक्ष पत्रकारिताको अभ्यास गरेको हामी दावी गर्न सक्छौं । हाम्रो बाहिरको आस्था हुन सक्ला तर जब हामी डेक्सको किबोर्ड समाउछौं तब हामी सबै दलीय आस्था बिर्सिएर काम गरेका हुन्छौं । मकवानपुर जिल्लामा हामीलाई कसैले कुनै दलको ट्याग लगाउन सक्दैनन भन्ने हाम्रो पूर्णरूपमा दावी छ । यो हामीले भन्ने मात्र होईन, ब्यवहारमा पनि उतारेका छौं । हामीले स्थानीयस्तरमा हुने गरेको भ्रष्टाचार र अनियमितताहरूमा पनि ब्यक्तिगत लान्छना लगाउने भित्तैसम्म पुर्‍याउने गरी खेदै खन्ने काम पनि गरेका छैनौ । हरेक संघ/संस्थाका कमिकजोरीहरूलाई उजागर गरेर सच्चिने मौका प्रदान गरिनु पर्दछ भन्ने हाम्रो धारणा हो ।*

*बागमती प्रदेशको राजधानी कायम भएको सानो हेटौंडा बजारमा ५ वटा दैनिकले दिनहुँ बाच्नकै लागि संघर्ष गर्नु परेको छ । सहजरूपमा बाच्न नसक्दा पनि बार्गेनिङ गरेर कमाउधन्दा अहिलेसम्म चलाएका छैनौ, हामीलाई हाम्रा अग्रजहरूले यस्तो बिषय नसिकाएकोले पनि हामी बिज्ञापन दाताले दिन नचाहेको बिज्ञापन माग्नसमेत जाने गरेको छैनौ । यही प्रमाणकै आधारमा लखरलखर हामी २६ बर्षमा पाईला टेक्दैछौं । सबै शुभचिन्तक तथा बिज्ञापनदाताको मायाको आशा गरेका छौं ।*

## मकवानपुरमा आज

१: जानकारीमा नआएको ।

## तपाईंको आज

| | |
|---|---|
| **मेष** छोटो समयमा मनग्य फाइदा हुनेछ। सुन्दर पहिरनले तपाईको व्यक्तित्वमा निखारता आउनेछ । प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ। | **बृष** प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। |
| **मिथुन** अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा अग्रस्थान हासिल हुनेछ । प्रतिष्ठित कामको सम्पादन गर्ने मौका मिल्नेछ। | **कर्कट** पुरुषार्थले प्रतिस्पर्धीहरूको मनोबल कमजोर पार्न सकिने योग छ । पहिलेका दुश्मनहरूले समेत मित्रताका हात अघि बढाउनेछन्। |
| **सिंह** फाइदाजन्य कामको स्रोत पहिल्याउन सकिनेछ। प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्। सेवामूलक कामबाट धनलाभ हुनेछ। | **कन्या** स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। हिम्मत गर्दा जटिल कामसमेत सम्पादन हुनेछ। पशु चौपाया हानीको योग देखिन्छ। |
| **तुला** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । व्यापारमा पनि प्रशस्त फाइदा हुने योग देखिन्छ । कडा मिहिनेतले नयाँ अवसर दिलाउनेछ। | **बृश्चिक** केही पारिवारिक समस्या देखिए पनि आँटेको काम सम्पादन हुने समय छ। प्रयत्न गर्दा आफ्ना साथीभाइसँगको असमझदारी सम्झौतामा टुंगिनेछ। |
| **धनु** काममा अरूको मुख ताक्नाले पछि परिने योग देखिन्छ। आँटले काम लिन नसकिएला । व्यर्थको विवादले शुभचिन्तकहरू टाढिन सक्नेछन्। | **मकर** बुद्धिको उपयोगले समस्या सुल्झिनेछ। अरूलाई समेत आफ्नो पक्षमा ल्याउन सकिनेछ, बुद्धी विवेकले सहजरुपमा काम लिने प्रयत्न गर्नुहोला । |
| **कुम्भ** आफ्नै व्यवहारप्रति पछुतो लाग्न सक्छ। अरूको विषयमा अनावश्यक चासो राख्दा व्यर्थैमा दुःख पाइनेछ । आलोचकलाई व्यवहारले समेट्नुपर्ला। | **मिन** आवश्यक पर्दा सहयोगीहरूको साथ समर्थन पाइनेछ। दोहोर्‍याएर प्रयत्न गर्दा रोकिएका कामहरु पनि सहज रुपमा सम्पादन हुने योग देखिन्छ। |

हेटौंडा-२, मानसचोक,
फोन नं. : ०५७-५२२२३७
सम्पादक: ९८५५०६७२३६, बिज्ञापन शाखा : ९८५५०६७२३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# बुद्धि प्रदर्शनको स्वर्णयुग



✍राजुराम राउत



धन्य छ सामाजिक सञ्जाल । खासगरी फेसबुक जस्ता सामाजिक प्लेटफर्महरू । जसले हाम्रो समाजको वास्तविक अनुहार हेर्ने एउटा खुला ऐना उपलब्ध गराइदिएका छन् । कुनै समय मानिसलाई चिन्न वर्षौं लाग्थ्यो । उसको व्यवहार, बोली, संगत, जिम्मेवारीबोध र जीवनशैली नियाल्नुपर्थ्यो । तर, आजको डिजिटल युगमा एउटा पोष्ट, केही टिप्पणी र केही दिनको अनलाइन गतिविधिले नै काफि छ । डिजिटल दुनियांले व्यक्तिको सोच, दृष्टिकोण, सहनशीलता र बौद्विकस्तरको झलक दिन थालिसकेको छ। यस अर्थमा सामाजिक सञ्जाल केवल मनोरञ्जनको माध्यम मात्र होइन, समाजको मनोविज्ञान बुझ्ने एउटा जीवित प्रयोगशाला पनि बनेको छ ।

पहिले राजनीतिमा नेतृत्व प्राप्त गर्न लामो यात्रा तय गर्नुपर्थ्यो। जनताको विश्वास जित्नुपर्थ्यो। संगठन निर्माण गर्नुपर्थ्यो। संघर्षका अनेकौं चरण पार गर्नुपर्थ्यो । आजको डिजिटल संसारमा भने नेतृत्वको एउटा नयाँ स्वरूप देखापरेको छ । प्रोफाइल तस्वीरमा औपचारिक पहिरन । केही आकर्षक नारा, देशप्रेमले भरिएका स्टाटस र, समसामयिक विषयमा आक्रामक अभिव्यक्ति । यति भएपछि कतिपय मानिस आफूलाई समाजको अगुवा ठान्न थाल्छन् । सामाजिक सञ्जालले अभिव्यक्ति स्वतन्त्रताको अवसर दिएको छ। जुन लोकतन्त्रका लागि सकारात्मक कुरा हो । तर अवसरसंगै जिम्मेवारी पनि आवश्यक हुन्छ । केवल बोल्ने क्षमता र नेतृत्व गर्ने क्षमता एउटै कुरा होइनन् भन्ने तथ्य कहिलेकाहीं ओझेलमा पर्न पुग्छ ।

यस्तै अवस्था कतिपय अनलाइन अभियन्ताहरूमा पनि देख्न सकिन्छ। कुनै एउटा विषय चर्चामा आयो भने त्यसको समर्थन वा विरोधमा तुरुन्तै अभियान सुरु हुन्छ। विषयको गहिरो अध्ययन, तथ्यको परीक्षण वा दीर्घकालीन परिणामको मूल्याङ्कनभन्दा पनि तत्काल प्रतिक्रिया दिने प्रवृत्ति बलियो देखिन्छ। आज एउटा मुद्दा, भोलि अर्को र पर्सि तेस्रो विषयमा उस्तै उत्साह देखिन्छ । यसले नागरिक सहभागिता बढाएको सकारात्मक पक्ष छ। तर, पर्याप्त जानकारीबिना चलाइने अभियानले कहिलेकाहीं भ्रम, विभाजन र गलत निष्कर्ष पनि जन्माउन सक्छ। सामाजिक परिवर्तन केवल नाराले होइन, निरन्तर अध्ययन, धैर्य र व्यवहारिक कामले सम्भव हुन्छ भन्ने कुरा बिर्सनु हुँदैन ।

अन्धो समर्थन गर्ने समूहलाई सामाजिक सञ्जालले अर्को एउटा रोचक चरित्र पनि उजागर गरेको छ। कुनै राजनीतिक दल, नेता, विचार धारा वा सार्वजनिक व्यक्तित्वप्रति यति धेरै भावनात्मक लगाव विकसित हुन्छ कि तर्क, प्रमाण र वस्तुगत विश्लेषणभन्दा पनि निष्ठा महत्वपूर्ण बन्न पुग्छ। आफूले समर्थन गरेको पक्षले जे गरे पनि सही र विपक्षले जे गरे पनि गलत भन्ने सोच लोकतान्त्रिक संस्कृतिका लागि स्वस्थ मान्न सकिँदैन। आलोचना र समर्थन दुवै तथ्यमा आधारित हुनुपर्छ। तर, दुर्भाग्यवश, सामाजिक सञ्जालमा भावनात्मक प्रतिक्रिया प्रायः तार्किक विश्लेषणभन्दा छिटो फैलिन्छ। भेंडा प्रवृत्ति अर्थात् भीडको पछि लाग्ने संस्कार पनि डिजिटल युगमा अझ शक्तिशाली बनेको छ। कसैले कुनै सूचना पोष्ट गर्‍यो भने त्यसको सत्यता परीक्षण नगरी हजा–रौंले शेयर गर्ने प्रवृत्ति व्यापक छ। एउटा अपुष्ट दाबी केही घण्टामै सत्य स्थापित हुन सक्छ । विश्वभर भएका विभिन्न अध्ययनहरूले सामाजिक सञ्जालमा गलत सूचना सही सूचनाभन्दा छिटो फैलिने गरेको देखाएका छन्। यसको प्रमुख कारण मानिसहरूको भावनात्मक प्रतिक्रिया, पूर्वाग्रह र सनसनीप्रतिको आकर्षण हो । परिणामस्वरूप समाजमा भ्रम श्रृजना हुन्छ। व्यक्तिहरूको प्रतिष्ठामा असर पर्छ । र, कहिलेकाहीँ सार्वजनिक नीतिमाथिसमेत नकारात्मक प्रभाव पर्न सक्दछ ।

अझ कथित बुद्धिजीवीहरूको प्रसंग भने अझै रोचक हुन्छ। ज्ञानको प्रदर्शन र ज्ञानको उपयोगबीच ठूलो अन्तर हुन्छ। सामाजिक सञ्जालमा जटिल शब्दावली, विदेशी सन्दर्भ, दार्शनिक उद्धरण र गहन देखिने अभिव्यक्तिको प्रयोग बढ्दो छ। तर, विचारको वास्तविक मूल्य त्यसको प्रस्तुतीकरणमा मात्र होइन । त्यसले समाजलाई दिने स्पष्टता, समाधान र बौद्धिक इमानदारीमा निर्भर हुन्छ । कहिलेकाहीँ बौद्धिक देखिन खोज्दा विचार आफैं सतहमा दौडिन पुग्छ। विद्वता भनेको जटिल कुरा झन् जटिल बनाउनु होइन। कठिन विषयलाई सरल र उपयोगी ढंगले बुझाउन सक्नु हो। तर, यी सबै आलोचनाको बीचमा एउटा महत्वपूर्ण प्रश्न उठ्छ। के समस्या केवल अरूमा मात्र छ ? सामाजिक सञ्जालको सबैभन्दा ठूलो विशेषता नै यही हो कि यसले अरूलाई मात्र होइन, हामीलाई पनि देखाउंछ । हामीले अरूको अज्ञानता, अहंकार वा पूर्वाग्रह देखिरहेका हुन्छौं, तर कतिपटक आफूभित्र रहेका उस्तै कमजो–रीहरूलाई बेवास्ता गरिरहेका हुन्छौं । सामाजिक सञ्जाल एउटा दर्पण जस्तै हो । त्यसमा अरूको अनुहार मात्र देखिँदैन। आफ्नो अनुहार पनि देखिन्छ।

वास्तवमा सामाजिक सञ्जाल न राम्रो हो, न नराम्रो । यो एउटा प्रबिधि हो । यसको प्रभाव प्रयोगकर्ताको चेतना, उद्देश्य र जिम्मेवारीबोधमा निर्भर हुन्छ । यही प्लेटफर्मले शिक्षा, सूचना आदानप्रदान, विपद्का बेला सहयोग संकलन, सामाजिक जागरण र नागरिक सहभागितामा उल्लेखनीय योगदान दिएको छ । यही माध्यमले हजारौं साना व्यवसायलाई ग्राहकसम्म पुग्न मद्दत गरेको छ। अनेकौं सकारात्मक अभियानहरू सफल भएका छन्। त्यसैले समस्याको स्रोत प्लेटफर्मभन्दा पनि यसको प्रयोग शैलीमा बढी खोज्नुपर्छ। आज सामाजिक सञ्जालले समाजको 'रियल टाइम एक्स–रे' गरिरहेको छ। यहाँ अज्ञानता पनि देखिन्छ। अहंकार पनि देखिन्छ । श्रृजनशिलता र चेतना पनि देखिन्छ । यही कारणले यो युगलाई बुद्धि प्रदर्शनको स्वर्णयुग भन्न सकिन्छ। किनभने यहाँ सबैलाई बोल्ने अधिकार छ। तर, सबैले बोलेको कुरा समानरूपमा विवेकपूर्ण भने हुँदैनन्।

वास्तबमा सामाजिक सञ्जालले हामीलाई एउटा महत्वपूर्ण अवसर दिएको छ । अरूको मूल्याङ्कन गर्ने मात्र होइन । आत्ममूल्याङ्कन गर्ने अवसर पनि दिएको छ। अरूको कमजोरी देख्दा आफ्नो कमजोरी सच्याउने प्रेरणा लिन सक्यौं भने मात्र यो प्लेटफर्म वास्तवमा उपयोगी बन्न सक्छ । नत्र हामी केवल अरूलाई औंला देखाउने भीडको अर्को थप सदस्य मात्र बन्नेछौं । त्यसैले गुनासोभन्दा बढी आवश्यक कुरा सिक्ने अबसर पनि हो। प्लेटफर्म उही रहनेछ, प्रविधि अझ विकसित हुँदै जानेछ। तर, त्यसको उपयोग कसरी गर्ने भन्ने जिम्मेवारी हाम्रो नै हो। अन्ततः इतिहासले फेसबुक, ट्विटर वा अन्य कुनै सामाकिज सञ्जलको माध्यमलाई होइन, तिनको प्रयोग गर्ने समाजको चेतनालाई मूल्याङ्कन गर्नेछ। त्यसैले फेरि एकपटक भन्न मन लाग्छ, धन्य सामाजिक सञ्जाल तिम्ले समाजलाई लुकाउन होइन, देखाउन सजिलो बनाइदियौ । अब बाँकी काम हाम्रो हो- हेर्ने, बुझ्ने र सकेसम्म सुधिने ।

# पुरानाहरूको अवसान र नयाँको गन्तव्य



✍ राममणि पोखरेल



राजा वीरेन्द्रको वंश नाश भएको २५ वर्ष पुगेको छ। लोकतन्त्र स्थापना भएको पनि २० वर्ष बितिसकेको छ । यस अवधिमा देशमा धेरै ठुला घटनाहरू भए । जनताको पक्षबाट विभिन्न आन्दोलनहरू पनि भए। १० वर्षे जनविद्रोहले आक्रान्त भएका जनता शान्तिवार्ता हुँदा निकै रमाए। छापामार दलका रूपमा ज्यान हत्केलामा लिएर हिँडेका योद्धाहरू खुला राजनीतिमा आए। शान्तिवार्तापछि संविधानसभाको निर्वाचन गर्ने निधो गरियो। बिगत १० वर्षको विद्रोहले आक्रान्त बनेका जनताले बल्ल खुसीको स्वास फेरेका थिए।

२०६४ सालमा पहिलो संविधानसभाको निर्वाचन भयो। यस निर्वाचनमा नेकपा माओवादीले अत्यधिक बहुमत ल्यायो। तर, तोकिएको समयमा संविधानको घोषणा हुन सकेन । जातीय राज्यको सपना बाँड्दै आएका माओवादी नेताहरू 'हंस्नु बुढी हरिया दाँत' भने जस्तै जिल्लिए । पहिलो संविधानसभा अन्ततः विघटन भयो । त्यसपछि दोस्रो संविधानसभाको चुनावको घोषणा गरियो । दोस्रो संविधानसभाको निर्वाचनमा नेकपा माओवादी तेस्रो शक्तिका रूपमा खुम्चियो। उसले उठाएका संघीयता, धर्मनिरपेक्षता, समावेशीता र समानुपातिक प्रतिनिधित्वका मुद्दालाई अन्य सबै दलले स्वीकार गरे ।

तर जातीय राज्यको मुद्दालाई अन्य दलहरूले स्वीकार गरेनन्। अन्य नागरिक सरोकारका विषयमा माओवादी पछि पर्‍यो। नीतिगत रूपमा माओवादी पार्टी क्रमशः पछि पर्दै गयो । अन्तरिम कालमा माओवादी पार्टीका नेता र कार्यकर्तालाई जुन तरिकाले प्रतिनिधिमा समावेश गरियो, त्यो कालमा उनीहरू मनोनीत माननीयहरू नीतिगतरूपमा अराजक बने। हतियार लिएर संसद् भवनभित्र छिरेका दृष्यहरू पनि देखिए । जनयुद्धको धङधडीलाई उनीहरूले परित्याग गर्न सकेनन् । उनीहरूको यो व्यवहार मूलधारको राजनीतिमा स्वीकार्य हुन सकेन ।

नेपाली कांग्रेस, नेकपा एमाले, मधेसवादी र नेकपा माओवादीको संयुक्त निर्णयबाट नै २०७२ सालको संविधान घोषणा भयो। संविधान घोषणा भएको पनि १३ वर्ष बितिसकेको छ । यस अवधिमा २ धारका कम्युनिष्टहरू एक भएर पनि सरकार बन्यो। मधेसवादी दलहरू भने कमजोर देखिँदै गए । भनौं, उनीहरूको जनमत निकै खस्कियो। नेपाली कांग्रेस यथास्थानमा नै रहेको देखियो ।

माओवादी हतियारको धङधडी बिसाएर पनि त्यही आवेग थाम्न नसकेका नेता र कार्यकर्ताको तुजुक एकातिर रह्यो । अर्कातिर जन्मजात मतपत्रमा विश्वास गर्ने नेकपा एमाले देखियो । तर, दलहरू जनता र राष्ट्रको स्वार्थ, विकास निर्माण, सामाजिक न्याय तथा समाज रूपान्तरणमा लागेनन्। उनीहरूको सम्पूर्ण समय पार्टी अध्यक्ष र प्रधानमन्त्री को हुने तथा मन्त्रीहरू को को बन्ने भन्ने छलफल, तानातान र षडयन्त्रमै सत्ताशिन समय व्यतीत भयो ।

नेकपा एक भएको समयमा यी विषयहरूमा गम्भीर छलफल गरिनु पर्दथ्यो । २०१९ सालको तेस्रो महाधिवेशनपछि कम्युनिष्टहरू किन विभाजित भए त ? यसको आधारभूत कारण के हुन सक्छ ? नेपालका कम्युनिष्टहरूलाई विभाजन गराउनमा राजतन्त्रको भूमिका प्रभावकारी छ ? अर्को तर्क, नेपालको प्रजातान्त्रिक पार्टी नेपाली कांग्रेसको अग्रणी भूमिका छ त ? अर्को तर्क, भारतीय शासक वर्गको गिद्धे दृष्टि छ त ? अर्को तर्क, कम्युनिष्टहरूले देशको आन्तरिक परि-स्थितिको सही मूल्यांकन गर्न नसक्नु हो। अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक स्थितिको समग्र समीक्षा, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिले पारेका प्रभाव, मार्क्सवाद, लेनिनवाद र माओविचारलाई सिर्जनात्मक प्रयोग गर्ने सवालमा कमजोरी रहे। आधार शिक्षा, अर्थतन्त्र, राष्ट्रिय कानुन र जनताको चेतना मुख्य हुन् । नेपालको समाजव्यवस्था मिश्रित समाज हो । यहाँ धार्मिक, सामाजिक, आर्थिक, शैक्षिक र यातायातका समस्या छन् । कृषि उत्पादन र औद्योगिक विकासका आधारहरू पनि छन्। सोभियत संघ, चीन र उत्तर कोरियाका पार्टीका राजनीतिक प्रतिवेदन पढेर लेखिएका दस्तावेजले नेपाली जनताको मनोविज्ञानलाई कति प्रभाव पारे त ?

पहिलो आमचुनावमा बहुमतको सरकार बनाएको नेपाली कांग्रेसको शासनकालमा अन्य दलका कार्यकर्ता केही समय पेलिएकै हुन्। त्यस बेला नेपाली कांग्रेसले नेपाललाई आफ्नो पेवा सोच्यो। हाम्रो प्रतिस्पर्धी कोही हुन सक्तैन भन्ने घमण्ड उसमा देखियो । मध्यावधि निर्वाचनमा आफू पराजित भएपछि नेपाली कांग्रेसलाई सानो धक्का लाग्यो। उसका उदण्ड गतिविधिहरू केही कमजोर देखिए। मध्यावधि निर्वाचनमा अल्पमतको सरकार बनाएपछि नेकपा एमालेका नेता र कार्यकर्तामा सत्ताको मात चढ्यो । सामाजिक सुरक्षा भत्ता र 'आफ्नो गाउँ आफैं बनाऔं' जस्ता ९ 'स' को व्याख्याले उनीहरू मात्तिए । त्यही मातको फलस्वरूप उनीहरू विभाजित भए । एमालेको विभाजन पछि देशका समग्र संस्थाहरू एमालेको नियन्त्रणमा गए । शिक्षण संस्थाका व्यवस्थापन समिति, सामुदायिक वन समिति, जिल्ला प्रशासन र समाज कल्याण परिषद्मा दर्ता गराइएका गैससहरूमार्फत् एमालेले देशैभर नियन्त्रण लियो। यसरी उसले नेपाली कांग्रेसलाई उछिन्यो ।

'नेपालको धन हरियो वन' भन्ने भनाइलाई दुरुपयोग गरियो। खुला सिमानाको फाइदा उठाउँदै मेचीदेखि महाकालीसम्मका वन समुदायमार्फत् काठ विदेश पठाउने काम भयो । यसरी सम्पत्ति कुम्ल्याउने खेलमा नेकपा एमालेका नेता र कार्यकर्ताहरू अग्रणी रहे । कतिपय ठाउँमा गैर सरकारी संस्थासँग जोडिएका व्यक्तिहरूले खुला सिमानाको प्रयोग गरेर मानवतस्करसमेत गरे । नेपालका पुराना पार्टीहरू नेपाली कांग्रेस, नेकपा एमाले, परम्परागत कम्युनिष्ट र माओवादी पार्टीको ठूलो कमजोरी छ । उनीहरूले आफ्ना नेता र कार्यकर्ताको आचरणको कुनै मापदण्ड निर्धारण गरेनन् । पार्टीको केन्द्रीय सदस्यले सामाजिक जीवनमा के कस्ता काम गर्न हुने र नहुने भन्ने तोकिएन । जिल्ला कमिटी सदस्य, प्रदेश सदस्य एवं निर्वाचित प्रतिनिधिले कस्ता काम गर्ने भन्ने कुराको पनि कुनै सीमा निर्धारण भएन। फलस्वरूप ७० प्रतिशत निर्वाचित प्रतिनिधिहरू अपराध कर्ममा लागेका प्रमाणहरू बाहिरिए ।

तर, ती नेता र कार्यकर्तालाई कारबाही गर्ने कुरा त धेरै टाढाको भयो, उनीहरूसँग स्पष्टिक-रणसमेत माग्ने काम गरिएन । गुट चलाउने नेताहरू आफैं समाजमा विभिन्न काण्डमा मुछिए। ढिलो या चाँडो ती कार्यकर्ताले समाजमा चरम बदनामी कमाए । तर, केन्द्रीय नेतृत्वले उनी-हरूलाई सच्याउने कुनै प्रयास गरेन । उल्टै उनीहरूको प्रशंसा र संरक्षण गर्न थालियो । गठबन्धनको नाममा बनेको नेपाली कांग्रेस तथा एमालेको सरकारले गरेको ज्यादतीको उपज थियो, 'जेनजी' विद्रोह। त्यही युवा विद्रोहले नै नेपालका पुराना पार्टीहरूलाई राजनीतिबाट बढार्न सफल भयो ।

नयाँ संविधान घोषणा भएपछि बजारमा एउटा भाष्य निर्माण गरिएको थियो । समानु-पातिक निर्वाचन प्रणालीको कारण संसद्मा अब कुनै पनि दलको बहुमत प्राप्त हुनै सक्दैन भनिन्थ्यो। तर २०८२ फागुन २१ मा भएको निर्वाचनले त्यो स्थापित भाष्यलाई पूर्णरूपमा खण्डन गरि-दियो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले एक्लै दुईतिहाइ मत ल्याएर दलहरुलाई देखाइदियो ।

प्रधानमन्त्री बालेन्द्र शाहले नेपाल-भारत सम्बन्धको चर्चा गर्ने क्रममा रोष्टमबाट बोलेका थिए । उनले 'दुवै पक्षबाट सीमा मिचिएको छ' भन्नु सरासर गलत थियो । यस्तो संवेदनशील कुरा उच्च पदमा बसेर बोलिनु हुँदैनथ्यो । तर, जानेर वा नजानेर त्यो बोलियो । अब यसै विषयलाई लिएर पुराना दलले रडाको मच्चाउनु र संसद् अवरुद्ध गर्नु गलत हुन्छ । नेपाललाई ठगेर गरिएको महाकाली सन्धिको मतियारहरू को थिए ? 'नेपाललाई वार्षिक ७ खर्ब आम्दानी हुन्छ' भनेर कुर्लिने ती अपराधीहरू अहिले साँढे गोरु जस्तै जुरो हल्लाएर हिँडिरहेका छन्। ती गलत र राष्ट्रघाती व्यक्तिहरूमाथि अब प्रश्न कसले उठाउने ?

नेपाल र भारतबीचको खुला सिमाना १ हजार ५०० वर्ग किलोमिटरभन्दा बढी छ। यति लामो दुरीमा हजारौं नदीहरू बगेका छन्। कतिपय जंगे पिलरहरू हराएका र चोरिएका छन्। जमिन यताउता भएको छ। त्यसैले यसलाई वार्ताद्वारा मिलाउनु पर्दछ भन्नु बिल्कुल उचित हो। नेपाल-भारतबीचको सीमा विवाद निकै पुरानो हो । हामी २ पक्षले मात्र यसको समाधान गर्न सकेनौं। त्यसैले तेस्रो शक्ति बेलायतलाई पनि यसमा सहभागी गराऔं भन्नु त राष्ट्रकै हितका लागि हो। यसमा हल्लाखल्ला किन गर्ने ?

शताब्दीयौँ देखि नेपाल-भारत सिमानामा विवाद कायम छ। यो विवाद टुंगो लगाउन पुराना दलहरू असक्षम छन् भन्ने धेरै वटा प्रमाण छन् । दलहरूले ३६ वर्ष शासन गर्दा पनि नेपाल धेरै पक्षमा पीडित नै रह्यो। हामी जलस्रोतमा पीडित छौँ, जहाँ हामी ठगिएका छौँ। हामी जनसंख्याबाट पीडित छौँ, हाम्रो सानो भूभागमा भारतीयहरू भित्रिएका छन् । यसलाई हामी थाम्न सक्दैनौँ । हामी सीमाबाट पनि पीडित छौँ ।

*साभार : सौंय अनलाइन*

# चलचित्र ऐनमा सरकार प्रतिबद्ध मन्त्री तिमिल्सिना



काठमाडौं/सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले चलचित्रकर्मीहरूको भावना समेट्ने गरी ऐन निर्माण गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन्। काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्। उनले चलचित्र क्षेत्रको विकास र विस्तारका लागि 'चलचित्र विधेयक २०८२' दफावार छलफलका लागि सम्बन्धित संसदीय समितिमा पठाइएको जानकारी दिए।

प्रतिनिधिसभाबाट विधेयक समितिमा पठाइएको उल्लेख गर्दै मन्त्री तिमिल्सिनाले चलचित्रकर्मीहरूको भावना समेट्ने गरी ऐन निर्माण गर्न सरकार प्रतिबद्ध रहेको स्पष्ट पारे। उनले 'देशको आवाज' बोल्ने स्तरीय चलचित्र निर्माणमा सहयोग पुर्‍याउन सरकारले आगामी आर्थिक वर्षका लागि साढे तीन करोड रुपियाँ विनियोजन गरेको स्मरणसमेत गराए।

मन्त्री तिमिल्सिनाले पुराना दस्तावेजका आधारमा ठुला कुरा गर्ने तर ठोस नतिजा नदिने सरकारी कार्यशैलीमा परिवर्तन ल्याउन चाहेको बताउदै सरकारको ध्यान केवल खर्च गर्नेतर्फ मात्र नभई उत्पादन र सिर्जना मार्फत् उपलब्धि हासिल गर्ने दिशामा केन्द्रित रहेको भनाइ छ।

चलचित्र क्षेत्रको प्रवर्धनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँगको समन्वयमा बजेट व्यवस्था गरिएको उनले उल्लेख गरे। उनले भने, "पार्लियामेन्टमा चलचित्र विधेयक २०८२ लाई सम्बन्धित समितिमा दफावार छलफलका लागि पठाउने प्रस्ताव पारित गरेर आएको छु। म यहाँहरू समक्ष प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। यो क्षेत्र यहाँहरूको जीवनसँग जोडिएको क्षेत्र हो। यस क्षेत्रलाई माथि उठाउन विधेयकलाई कस्तो ऐनका रूपमा अघि बढाउनु पर्छ भन्ने विषयमा सरकारको तर्फबाट हरसम्भव प्रयास गर्नेछौं।

संसदीय समितिमा पनि सरकारको तर्फबाट आवश्यक स्पेस बनाउनका लागि काम गर्नेछौं। समितिले पनि यहाँहरूलाई बोलाएर पक्कै पनि छलफल गर्नेछ भन्ने अपेक्षा छ। कहिलेकाहीँ हामी धेरै ठुला अपेक्षा गर्छौं तर मार्गनिर्देशन गर्ने दस्तावेज पुरानो हुन्छ। ठुला भाषण गर्ने तर ठोस परिणाम नदिने प्रवृत्तिबाट यो सरकार अलग हुन चाहन्छ। त्यसका लागि यहाँहरूको सहयोग अति आवश्यक छ।

सरकार भनेको अन्तत: हामी जनता नै हौं। स्रोत-साधन सीमित हुन्छन्। आज पनि म केहीबेर संसद्मा बसेर आएको हुँ। हाम्रो राष्ट्रिय बहस प्राय: 'यहाँ खर्च गर, त्यहाँ खर्च गर' भन्नेमा केन्द्रित हुन्छ। तर, आम्दानी कसरी बढाउने, उत्पादन र सिर्जना कसरी गर्ने भन्ने विषयमा कम छलफल हुने गरेको मैले पाएको छु।

हामी चलचित्र क्षेत्रलाई व्यवस्थित र सशक्त बनाउन चाहन्छौं। यस क्षेत्रले देश र जनतालाई योगदान दिन सकोस् र उद्योग पनि फस्टाओस भन्ने हाम्रो अपेक्षा छ। संस्कृति मन्त्रीज्यूसँग मिलेर यस विषयमा निरन्तर छलफल भइरहेको उनले खुलासा गरे।

यस वर्षको बजेटमार्फत् देशको कथा बोल्ने राम्रा चलचित्रलाई सहयोग गर्न करिब साढे तीन करोड रुपियाँ विनियोजन गरिएको छ। स्पष्ट मापदण्ड बनाएर चलचित्र निर्माणमा सहयोग गर्ने हाम्रो उद्देश्य हो। यस वर्षको नतिजाका आधारमा आगामी वर्ष बजेट बढाउन अर्थ मन्त्रालयलाई अनुरोध गरिनेछ।"

आगामी आर्थिक वर्षको सहयोगको सकारात्मक नतिजाका आधारमा भविष्यमा बजेट वृद्धि गर्न अर्थ मन्त्रालयलाई अनुरोध गरिने पनि उनले बताए। चलचित्र क्षेत्रले मुलुकको पहिचान र समृद्धिमा योगदान पुर्‍याउने विश्वास व्यक्त गर्दै उनले सीमित स्रोत-साधनका बाबजुद सरकारले यस क्षेत्रलाई प्राथमिकतामा राखेको बताउदै आगामी दिनमा पनि काम हुनेछ।

## एभोकाडोमा देखियो हानिकारक रोग

**काठमाडौं/नेपालमा अफ्रिकाको युगान्डाबाट आयात हुने एभोकाडोमा हानिकारक रोग भेटिएपछि सरकारले यसको आयातमा तत्कालका लागि पूर्णरुपमा रोक लगाएको छ।**

**भारतीय बाटो हुँदै र कहिलेकाहीं तान्जानियाको उत्पादन भनेरसमेत लुकाएर ल्याइने गरिएको युगान्डाको एभोकाडोमा नेपालको स्वदेशी खेतीलाई नै सखाप पार्नसक्ने रोगको जीवाणु भेटिएपछि प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रले आयात अनुमतिपत्र (इन्ट्री परमिट) दिन बन्द गरेको हो। केन्द्रका वरिष्ठ बाली संरक्षण अधिकृत प्रकाश पौडेलले बजार अनुगमन गर्दा युगान्डाको एभोकाडोमा गम्भीर प्रकृतिको रोग देखिएको बताए।**

**'हामीले बजारमा गएर सर्भे र ट्रेस ब्याक गरेर हेर्दा युगान्डाको एभोकाडोमा नेपालमा प्रतिवन्धित र स्वदेशी नेपाली एभोकाडो खेतीमा सल्कन सक्ने रोग फाइटोप्थोरा पाल्मिभोराको एकदम प्रोमिनेन्ट (स्पष्ट) उपस्थिति देखियो,' उनले भने-त्यसले गर्दा हामीले विगत १०-१२ दिनदेखि त्यसको आयात अनुमतिपत्र जारी गर्न बन्द गरेका छौं। केन्द्रका अनुसार बजारमा ९ सय रुपियाँ किलोसम्ममा बिक्री भइरहेका यस्ता रोगग्रस्त एभोकाडो भेटिए जफत गरी नष्ट गरिने छ। स्वदेशी कृषि उत्पादन जोगाउन यस कदम चालिएको र तत्काल कुनै करेक्टिभ एक्सन मेजर (सुधारात्मक कदम) नभएसम्म आयात नखुल्ने केन्द्रले जनाएको छ।**

**अन्तर्राष्ट्रिय व्यापार सम्झौता र विश्व व्यापार संगठनको एसपीएस सम्झौताअनुसार नेपालले युगान्डालाई यस विषयमा औपचारिक जानकारी गराउने तयारी गरेको छ। 'त्यस रोगको मोलिक्युलर भेरिफिकेसन (आणविक प्रमाणीकरण) का लागि हामीले प्याथोजेन (रोगको कारक तत्व) पठाएका छौं,' वरिष्ठ अधिकृत पौडेलले थपे-त्यसको रिपोर्ट आइसकेपछि हामी डब्लुटीओको नियमअनुसार नेपाललाई प्राप्त अधिकार प्रयोग गरेर नोटिफिकेसन अफ नन-कम्प्लायन्स (मापदण्ड पालना नभएको सूचना) जारी गर्छौं।**

## बीमालेख हराएको सूचना

**यही मिति २०७२ जेठ ८ गते हेटौंडा बजारमा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तल दिइएको ठेगाना वा सम्पर्क नम्बरमा जानकारी गराई दिनुहुन हार्दिक अनुरोध गर्दछु।**

| | |
|---|---|
| **बीमा कम्पनीको नाम** | : एशियन लाईफ इन्योरेन्स क. लि. |
| **बीमालेखदाताको नाम** | : निशा राई |
| **ठेगाना** | : हेटौंडा-३, बसामाडी मकवानपुर |
| **बीमालेख नं.** | : ७०१००००११०० |
| **सम्पर्क नम्बर** | : ९७०९७८१५९८ |

## कार्यालय सहयोगी आवश्यकता

*प्रथम पटक प्रकाशित मिति: २०८३/०२/२९*

यस विद्यालयमा रिक्त रहेको कार्यालय सहयोगी पदमा १ जना कार्यालय सहयोगी कर्मचारी आवश्यक भएकोले बागमती गाउंपालिका मकवानपुरको मिति २०८३/०२/२७ च.नं.२३१३ को प्राप्त पदपुर्ति अनुमति पत्रअनुसार करार पदपुर्तिको लागि इच्छुक उम्मेदवारहरुबाट दरखास्त आव्हवान गरिन्छ।

| | |
|---|---|
| **विज्ञापन नं.** | : ०१-२०८३ |
| **पद** | : प्रा.वि. (करार) |
| **शैक्षिक योग्यता** | : मान्यता प्राप्त शिक्षण संस्थाबाट ८ कक्षा उत्तिर्ण। |
| **तलब सुविधा** | : नेपाल सरकारले तोकेबमोजिम |
| **दरखास्त दस्तुर** | : रु. ५००/- (अक्षरेपी: पांचसय मात्र।) |
| **उमेर** | : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| **परीक्षाको किसिम** | : लिखित, मौखिक र प्रयोगात्मक |
| **दरखास्त दिने अन्तिम मिति** | : २०८३ असार १२ गते ४:०० बजेसम्म |
| **सम्पर्क मिति** | : २०८३ असार १३ गते ४:०० बजेसम्म |
| **परीक्षा मिति** | : सम्पर्क मितिमा जानकारी गराइनेछ। |

**आवश्यक कागजातहरू:**
१) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, २) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, ३) बायोडाटा एकप्रति अनुभव भए सो समेतको प्रतिलिपि ४) सम्पूर्ण कागजातहरु २/२ प्रति ५) हस्तलिखित निवेदन ६) बैंक दाखिल सक्कल भौचर

**नोट**: विद्यालयको सानिमा बैंक झुरझुरेमा रहेको चल्ती हिसाव खाता नं. ०६२०१००१०००००१४ मा जम्मा गरेको सक्कल भौचरसहित।

**श्री आधारभूत विद्यालय**
बागमती गाउपालिका-२, शारवादार, मकवानपुर
सम्पर्क नं: ९८४५२०४४३० (प्रअ), ९८४८४६६८२२ (अध्यक्ष)

# बुवाको सपना र छोराको सङ्घर्षको मार्मिक चित्रण



काठमाडौं/विद्यालयमा विद्यार्थीहरूलाई गरिने व्यवहार, उनीहरूमाथि हुने अथाह दबाब, गरिबी र नेपालको शिक्षा प्रणालीको कठोर वास्तविकतालाई चलचित्र 'रोल नं १' ले पर्दामा उतारेको छ। चलचित्रको कथाले आफ्नो सन्तान विद्यालयमा उत्कृष्ट होस् भन्ने चाहना राख्ने एउटा गरिब बुवा र सरकारी छात्रवृत्तिमा पढेर बुवाको सपना पूरा गर्न खोज्ने बालकको भावनात्मक संघर्षलाई चित्रण गरेको छ।

स्कुले शिक्षाको महत्व र हालको मूल्याङ्कन विधिले बालबालिकाको मनोविज्ञानमा पारिरहेको असरलाई चलचित्रमा पेचिलो ढंगले प्रस्तुत गरिएको छ। चलचित्रको प्रमुख पात्रका रूपमा मुकुन भुसाल (सञ्चार परियार) देखिएका छन्। बुवाले आफ्नो सन्तानको रुचि नबुझ्दा अभिभावक र सन्तानबिच उत्पन्न हुने समस्या नै चलचित्रको मुख्य विषय हो।

म्याग्दीको विकट गाउँमा बस्ने सञ्चार परियारको काम दमाहा बजाएर सूचना दिने हुन्छ। उनको परिवारमा श्रीमती सरस्वती (रेनुनाथ योगी) र छोरा ज्ञाने (निर्भीक रेग्मी) छन्। ज्ञाने सौतेनी छोरा भए पनि सरस्वतीले उनलाई आफ्नै सन्तान झैं हुर्काएकी हुन्छिन्। तर, एक दु:खद घटनामा समयमै अस्पताल पुर्‍याउन नसक्दा नवजात शिशुको मृत्यु भएपछि दम्पतीबिच तिक्तता बढ्छ र सरस्वतीको ज्ञानेप्रति हेर्ने दृष्टिकोण पनि फेरिन्छ।

सञ्चारले आफ्नो छोरालाई जसरी पनि विद्यालयमा 'रोल नं १' बनाउने धुनमा अनेकौं प्रयत्न गर्छन्। छोरालाई प्रथम बनाउन उनी प्रश्नपत्र चोर्नसमेत पछि पर्दैनन्। यता ज्ञानेको रुचि भने पढाइमा भन्दा गाउँका बेगम बाजे (सुवास गजुरेल) सँग काठको काम सिक्नमा बढी हुन्छ। गाउँलेले 'काम नलाग्ने' भनेका बाजेबाट ज्ञानेले सीप सिक्छ। के ज्ञाने विद्यालयमा प्रथम होला? सञ्चार र सरस्वतीको सम्बन्ध कसरी अगाडि बढ्ला? र, रोल नं १ बन्न नसके पनि ज्ञाने कसरी 'गाउँको हिरो' बन्छ भन्ने नै चलचित्रको मूल सार हो।

अभिनयका दृष्टिले मुकुन भुसाल र बाल कलाकार निर्भीक रेग्मीको काम तारिफयोग्य र जीवन्त छ। रेनुनाथ योगी, सुवास गजुरेल, लोकेन्द्र लेखक, शङ्कर आचार्य, देशभक्त खनाल र सिर्जना अधिकारीको अभिनय पनि सम्झनलायक छ। निर्देशक जोन योन्जनले पात्र चयन र उनीहरूको शिल्प निखार्न निकै मिहिनेत गरेको देखिन्छ।

बेगम बाजेबाट सिकेको सीप प्रयोग गरेर ज्ञानेले कुर्सी मर्मत गरेपछि गाउँलेबाट पाएको सम्मानको दृष्य निकै मर्मस्पर्शी छ। कथा, अभिनय र छायाङ्कनका कारण यो चलचित्र दर्शकका लागि एक पटक हेर्नै पर्ने बनेको छ।

# 'परीक्षाकेन्द्रमा जफत गरिएका मोबाइल नष्ट नगर्नू'

काठमाडौं/सर्वोच्च अदालतले परीक्षाकेन्द्रमा जफत गरिएका विद्यार्थीका मोबाइल फोन तथा स्मार्ट घडी नष्ट नगर्न अन्तरिम आदेश जारी गरेको छ। न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले बुधबार उक्त आदेश जारी गर्दै सिरहामा भएको मोबाइल नष्ट प्रकरणबारे सम्बन्धित निकायसँग लिखित जवाफसमेत माग गरेको हो।

सिरहामा माध्यमिक शिक्षा परीक्षा (एसईई) र कक्षा-१२ को परीक्षाका क्रममा विद्यार्थीबाट जफत गरिएका मोबाइल फोन र स्मार्ट घडीहरु प्रशासनको निर्देशन भन्दै पानीमा डुबाएर नष्ट गरिएको थियो। उक्त घटनापछि व्यापक आलोचना भएको थियो। प्राप्त विवरणअनुसार ७ थान आईफोन, ४ सय ८९ थान एन्ड्रोइड मोबाइल र ५ वटा स्मार्ट घडी गरी १ करोड बढी मूल्यबराबरका सामग्री नष्ट गरिएको बताइएको छ।

घटनापछि अधिवक्ता अनिल कुमार साहसहितले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्दै मोबाइल नष्ट गर्ने कार्यमा संलग्न अधिकारीमाथि कारबाही गर्न तथा पीडित विद्यार्थीलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका थिए। रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्चले जफत गरिएका मोबाइल तथा विद्युतीय उपकरण नष्ट नगर्न अन्तरिम आदेश जारी गरेको छ। सिरहा घटनामा वास्तवमा के भएको हो र रिट निवेदनमा माग गरिएअनुसार आदेश किन जारी गर्न नपर्ने हो भन्ने विषयमा सम्बन्धित पक्षलाई १५ दिनभित्र लिखित जवाफ पेश गर्न निर्देशन दिएको छ।

मोबाइल र स्मार्ट घडी नष्ट गरिएको घटनापछि विद्यार्थी तथा अभिभावकहरु आन्दोलनमा उत्रिएका छन्। उनीहरुले नष्ट गरिएका उपकरणको क्षतिपूर्ति र दोषीमाथि कारबाहीको माग गर्दै आएका छन्। सर्वोच्च अदालतको आदेशसँगै सिरहा मोबाइल नष्ट प्रकरण कानुनी र सार्वजनिक बहसको केन्द्रमा छ। अब अदालतमा प्राप्त हुने जवाफ र आगामी सुनुवाइले यस घटनाको थप दिशा तय गर्ने अपेक्षा गरिएको छ।

नेपाल मोबाइल ब्यवसायी महासंघले सिराहामा परीक्षाका क्रममा विद्यार्थीबाट खोसिएका मोबाइल फोनका डाटा रहेका चिप्सहरु नेपालमा नष्ट गर्न कुनै विधि नभएकाले त्यसको सुरक्षाको जोखिम बढेको बताएको छ। महासंघले प्रेस विज्ञप्ति जारी गर्दै परीक्षाको मर्यादा कायम नभएको निहुँमा अन्य विकल्पमा नगएर मोबाइल जफत गरी नष्ट गर्ने कार्य गर्नुलाई जायज मान्न नसकिने बताउँदै उक्त घटनाको सत्यतथ्य छानबिन गरि विद्यार्थीहरुलाई न्याय दिन माग गरेको छ।

पानीमा डुबाउँदैमा ती मोबाइलका चिप्स नष्ट नहुने र त्यसका लागि नेपालमा कुनै विधि नभएको हुँदा डाटा चोरी हुनसक्ने जोखिम अत्याधिक रहेको पनि मोबाई एशोसिएसन महासंघका छतेन्द्र आचार्यले विज्ञप्तिमार्फत् स्पष्ट पारेका छन्।

# मकवानपुरगढी पूर्णखोप सुनिश्चित



एमपी शर्मा

**हेटौंडा/मकवानपुरगढी गाउँपालिका 'पूर्णखोप सुनिश्चितता तथा दीगोपना' घोषणा भएको छ। पालिकाका आठ वटै वडा पूर्ण खोपयुक्त वडा घोषणा भएपछि बिहीबार आयोजित एक समारोहबीच पालिकालाई पनि पूर्णखोप सुनिश्चितता तथा दीगोपना गाउँपालिका घोषणा गरिएको हो।**

**कार्यक्रममा पालिकाले पूर्णखोप सुनिश्चितता तथा दीगोपना घोषणासम्बन्धि प्रतिबद्धतापत्र सार्वजनिक गर्दै खोप कार्यक्रम संघीय, प्रदेश र स्थानीय सरकारको पहिलो प्राथमिकतामा रहेको उल्लेख गरेको थियो। प्रत्येक नागरिकले जन्मिएपछि राज्यबाट प्राप्त गर्ने पहिलो सेवा खोप भएकाले यसको प्रभावकारी कार्यान्वयनमा पालिकाले विशेष जोड दिंदै आएको जनाएको छ। २०३४ सालदेखि नेपालमा विस्तारित खोप कार्यक्रम सञ्चालन हुँदै आएको र हाल १३ प्रकारका रोगविरुद्ध नि:शुल्क खोप सेवा प्रदान गरिँदै आएको जानकारी दिइयो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूर्णखोप प्राप्त गर्नु प्रत्येक बालबालिकाको नैसर्गिक अधिकारका रुपमा सुनिश्चित गरेको सन्दर्भमा पालिकाले नियमित रुपमा खोपसेवा सञ्चालन गरिरहेको जनाएको छ।**

**पालिकाका १ देखि ८ नम्बर वडाका १९ वटा खोपकेन्द्रमार्फत् जन्मेदेखि १५ महिनासम्मका बालबालिकालाई नियमित खोपसेवा प्रदान गरिँदै आएको छ। चालु आर्थिक वर्षमा ३ सय ६२ बालबालिकाले नियमित खोपसेवा प्राप्त गरिरहेका छन्। स्वास्थ्य शाखाका अनुसार माघ २१ गतेदेखि २५ गतेसम्म गरिएको घरधुरी सर्वेक्षणमा १६ देखि २३ महिनासम्मका २ सय ३३ जना र २४ देखि ५९ महिनासम्मका १ हजार ८५ जना गरी कुल १ हजार ३ सय १८ बालबालिकाले उमेर अनुसार पाउनुपर्ने सम्पूर्ण खोप प्राप्त गरेको पुष्टि भएको थियो। यही उपलब्धिका आधारमा गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता तथा दीगोपना घोषणा गरिएको हो। यसअघि जेठ ११ र १२ गते पालिकाका सबै वडाहरुलाई पूर्णखोपयुक्त घोषणा गरिएको थियो।**

**कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुर प्रमुख ललित घलानले पालिका पूर्णखोप सुनिश्चितता तथा दीगोपना घोषणा हुन सफल भएकोमा खुशी व्यक्त गर्दै यसको निरन्तरताको कामना गरे। उनले शिक्षा र स्वास्थ्य क्षेत्रमा पालिकाले उल्लेखनीय प्रगति गरि रहेको बताउँदै यस उपलब्धिमा महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका, जनप्रतिनिधि, कर्मचारी तथा स्थानीयको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरे। उनले वडा हुँदै पालिका घोषणा सम्पन्न भइसकेकाले अब जिल्लालाई पनि पूर्णखोप सुनिश्चितता तथा दीगोपना जिल्ला घोषणा गर्ने तयारी भइरहेको जानकारी दिए।**

**पालिका अध्यक्ष दोर्जे लामास्यांतानले सबै पक्षको सहकार्य, समन्वय र प्रतिबद्धताका कारण पालिकालाई पूर्णखोप सुनिश्चितता तथा दीगोपना घोषणा गर्न सम्भव भएको बताए। स्वास्थ्य क्षेत्रलाई पालिकाले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको उल्लेख गर्दै उनले स्वास्थ्य सेवाप्रति नागरिकको विश्वास बढ्दै गएको र गुनासो न्यून रहेको बताए। स्वास्थ्य शाखा प्रमुख ध्रुव लामिछानेले पालिकाले स्वास्थ्य क्षेत्रमा सञ्चालन गरेका कार्यक्रम तथा पूर्णखोप सुनिश्चितता र दीगोपना कायम राख्न गरिएका प्रयासबारे जानकारी गराएका थिए।**

**जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले खोप तथा स्वास्थ्य सेवाको क्षेत्रमा मकवानपुरगढीले गरेका प्रयास प्रशंसनीय रहेको बताउँदै आगामी दिनमा पनि जिल्ला स्वास्थ्य कार्यालयबाट आवश्यक सहयोग जारी रहने बताए। पालिका प्रमुख प्रशासकीय अधिकृत सुदन लामिछानेले स्वास्थ्य क्षेत्रको विकासका लागि पालिकाले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको र आगामी दिनमा थप विशेष कार्यक्रममार्फत् सेवा विस्तार गरिने बताए।**

**कार्यक्रममा वडा अध्यक्षहरु, गाउँपालिकाका कर्मचारी, विभिन्न शाखा प्रमुख, स्वास्थ्यकर्मी, विद्यालयका प्रधानाध्यापक, महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका लगायतको सहभागिता थियो।**

*कुलमान भन्छन् .....*

# बागमती प्रदेश राजनीतिक विस्तारको केन्द्र



**हेटौंडा/उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले आगामी प्रदेशसभा निर्वाचनपछि बागमती प्रदेश सरकारको नेतृत्व आफ्नो पार्टीले गर्ने दाबी गरेका छन्।**

**बुधबार आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उनले आगामी स्थानीय तह तथा प्रदेशसभा निर्वाचनमा आफ्नो पार्टीले सशक्त उपस्थिति जनाउने दाबी गरेका हुन्। विगतको निर्वाचनमा पराजय बेहोर्नु परे पनि आगामी २०८४ सालमा हुने स्थानीय तथा प्रदेशसभा निर्वाचनमा उज्यालो नेपाल पार्टीले धेरै स्थानमा विजय हासिल गर्ने उनको भनाइ छ।**

**विशेषगरि बागमती प्रदेशमा सरकार बनाउने उद्धेश्यसाथ पार्टीले काम गरिरहेको उल्लेख गर्दै उनले बागमतीका साथै अन्य प्रदेशमा पनि सरकार बनाउने लक्ष्य राखिएको प्रष्ट पारे। पार्टीले बागमती प्रदेशलाई राजनीतिक विस्तारको केन्द्र बनाएर देशभर संगठन सुदृढीकरण तथा विस्तारको अभियानलाई तीव्र पारि रहेको उनले जानकारी दिए।**

**अध्यक्ष घिसिङले विगतमा राजनीतिक अनुभवको कमीका कारण आफूहरु राजनीतिक षड्यन्त्रमा फसेको स्वीकार गर्दै अबका दिनमा कसैको षड्यन्त्रको सिकार नहुने प्रतिबद्धता व्यक्त गरे। पार्टीको अस्तित्व र पहिचान जोगाउन आफू अन्तिमसम्म लागिरहने बताउँदै उनले अब जनताको विश्वास जितेर उज्यालो नेपाल पार्टीलाई देशको प्रमुख राजनीतिक शक्तिका रुपमा स्थापित गर्ने दाबी गरे।**

**अध्यक्ष घिसिङले भने-हिजो हामी केही समय अल्मलिऔं। राजनीति सुरु गरेपछि, राजनीतिमा लागेपछि धेरै कुरा जान्नुपर्दो रहेछ। षड्यन्त्र गर्न पनि जान्नुपर्दो रहेछ। हामी षड्यन्त्र गर्ने परेनौं, षड्यन्त्रमा फस्यौं। अब षड्यन्त्र होइन, हामी देशको एउटा सशक्त पार्टीका रुपमा, शक्तिको रुपमा जनताको विश्वास कमाएर स्थापित हुनेछौं। हामी चुनाव हार्‍यौं। आज चुनाव हारेको पार्टी, संसद्मा हामी एकजना पनि छैनौं। तर देशभरि उज्यालो पार्टीमा प्रवेश गर्नेको लहर चलेको छ। त्यो त्यसै चलेको छैन होला। उज्यालो पार्टीको भविष्य देखेर, यसको उद्धेश्य देखेर, यसको भिजन देखेर र यसको नेतृत्व देखेर आउनु भएको होला। उहाँहरुको जुन किसिमको विश्वास छ, हामीले त्यस विश्वासलाई अगाडि बढाएर आगामी निर्वाचनहरुमा र त्यसपछिका निर्वाचनहरुमा उज्यालो नेपाल पार्टीलाई एक नम्बरको पार्टी बनाएर मात्र हामी विश्राम लिनेछौं।**

**विगतको चुनावअघि जनता र कार्यकर्तामा ठूलो अपेक्षा भए पनि निर्वाचनमा एक सिट पनि जित्न नसक्दा निराशा पैदा भएको उनले स्मरण गरे। त्यतिबेला धेरै साथीहरुले पार्टीको भविष्यलाई लिएर चिन्ता व्यक्त गरेको भन्दै उनले अब त्यस्तो चिन्ता नलिन आग्रह गरे। आफू एक्लै रहँदासम्म पनि पार्टीलाई अगाडि बढाउने र दल कुनै पनि अर्को पार्टीमा विलय नहुने उनले प्रष्ट पारे। पार्टीको आफ्नै पहिचान र सिद्धान्त रहेको र यसलाई मर्न नदिने उनको दृढता छ। विभिन्न पार्टीका नेता/कार्यकर्ताहरु उज्यालो नेपाल पार्टीमा जोडिने र धेरै दलहरु समाहित हुन आउने क्रम चलिरहेको भन्दै उनले त्यस्तो एकता र एकीकरणको प्रयासलाई पार्टीले सदैव स्वागत गर्ने बताए।**


**तर, पार्टीको नाम, पहिचान र एउटा डेलिभरी दिने सिद्धान्तलाई निमिट्यान्न पारेर हिजोको १२ दिन जस्तो राष्ट्रिय स्वतन्त्र पार्टीमा मिसिन जाने गल्ती अब कदापि नदोहोर्‍याइने उनले स्पष्ट पारे। चुनावका लागि अब धेरै समय बाँकी नरहेको उल्लेख गर्दै घिसिङले भने- अब हामी स्थानीय निकायको चुनाव र प्रदेशको चुनावमा जाँदैछौं। करिब एक वर्षभित्र, एक वर्ष पनि छैन, करिब आठ-नौं महिनाभित्र चुनाव आउँदैछ। त्यस चुनावमा अब उज्यालो नेपाल पार्टीले आफ्नो सशक्त प्रतिनिधित्व गर्नेछ र धेरै ठाउँमा हामी जित्नेछौं। बागमती प्रदेशको सरकार हामीले बनाउनेछौं। बागमती प्रदेशमात्र होइन, अरु ठाउँको पनि सरकार बनाउनेछौं। यो देशको मुटु बागमती प्रदेशलाई केन्द्रमा राखेर हामी हाम्रो पार्टीले संगठन विस्तार गर्ने काम गरिरहेका छौं।**

**गत निर्वाचनमा पार्टी पराजित भए पनि देशभर पार्टी प्रवेश गर्नेहरुको लहर चल्नुले जनताको विश्वास अझै बाँकी रहेको पुष्टि गर्ने उनको भनाइ छ।**










आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

# सुरु हुँदै फुटबल महाकुम्भ

सन्देश संवाददाता



काठमाडौँ/विश्वकै सबभन्दा लोकप्रिय खेल फुटबलको महाकुम्भ बिहीबार मध्यराति सुरु हुँदैछ। अहिले विश्वकपको ज्वरोबाट सबै रन्किएका छन्। विश्वकप खेल्ने मात्र होइन, विश्वकपमा उपस्थित नभएका देश पनि बिनाभेदभाव आआफ्नो टिमको समर्थन गर्नमा व्यस्त हुने छन्। नेपाल यसबाट अछुतो हुने कुरै भएन। नेपाल पनि अहिले विश्वकपमय भइसकेको छ।

विश्वभरका फुटबल समर्थक अहिले नै आफूलाई मनपर्ने फुटबल टिमको टिसर्ट लगाएर अथवा खेलाडीहरूको शैली 'कपी' गरेर विश्वकपको यस पर्वमा मस्त भइसकेका छन्। नेपालका ठुलासाना सहरका पसलमा आआफ्ना मनपर्ने टिमको जर्सी खरिद गर्ने बढेका छन्। होटल र रेस्टुरेन्टहरू पनि यस अवसरमा विशेष योजना बनाइरहेका छन्।

लोकप्रियताका हिसाबले विश्वकप फुटबल सबभन्दा ठुलो खेल आयोजना हो। प्रत्येक चार वर्षमा आयोजना हुने विश्वकप अमेरिका, मेक्सिको र क्यानडामा संयुक्त रूपमा आयोजना हुँदै छ। यस पटक विश्वको कुल जनसङ्ख्या मध्ये ५८ प्रतिशतले विश्वकप हेर्ने अनुमान गरिएको छ। त्यसैले विश्वको नजर एक महिनाभन्दा बढी समय अमेरिका, क्यानडा र मेक्सिकोका १८ भव्य रङ्गशालामा रहनेछ। विश्वकप फुटबल तीन देशमा आयोजना हुन लागेको यो पहिलो पटक हो। यसअघि दुई देशले मात्र संयुक्तरूपमा विश्वकपको आयोजना गरेको इतिहास छ। विश्वकप २०२२ को आयोजना दक्षिण कोरिया र जापानले संयुक्त रूपमा गरेका थिए। विश्वकपको अर्को संस्करण पनि तीन देशमा संयुक्त रूपमा हुने पक्का भइसकेको छ। त्यसैले सन् २०३० का आयोजकहरू पोर्चुगल, स्पेन र मोरेक्कोले सूक्ष्मरूपमा यस विश्वकपको अवलोकन गर्ने छन्।

जुन ११ मा मेक्सिकोको प्रसिद्ध 'एस्टाडियो एज्टेका' रंगशालामा घरेलु टिम र दक्षिण अफ्रिका बिचको उद्घाटन खेल हुनेछ। ३९ दिनको प्रतिस्पर्धापछि जुलाई १९ मा अमेरिकाको न्यु जर्सीको मेटलाइफ स्टेडियममा फाइनल खेल हुनेछ। त्यस रात अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र फिफा प्रमुख जियानी इन्फान्टिनोले विजेता देशलाई ट्रफी प्रदान गर्नेछन्।

फिफाले यसपालि विश्वकपमा ४८ टिमलाई सहभागी गराएको छ, जुन विगतमा भन्दा १६ राष्ट्र बढी हुन्। चार राष्ट्र केप भेर्डे, कुराकाओ, उज्बेकिस्तान र जोर्डन त नवप्रवेशी मात्र छन्। यसले प्रतियोगिताको समय मात्र होइन, यस पटक विश्वकप इतिहासमै सबैभन्दा बढी खेल पनि खेलिने भएको छ। विश्वकपमा कुल १०४ खेल हुन्छन्। अमेरिकामा सबैभन्दा बढी ७८ खेल खेलिनेछ। जसमध्ये क्वाटरफाइनल, सेमिफाइनल र फाइनल पनि छन्। यसैगरी अमेरिकाका ११ सहर न्युयोर्क, बोस्टन, मियामी, फिलाडेल्फिया, एट्लान्टा, डालास, हस्टन, कानास, लस एन्जल्स, सान फ्रान्सिस्को र सियाटलका रङ्गशालामा विश्वकपको प्रतिस्पर्धाहरु हुनेछ। यसैगरी मेक्सिकोका तीन सहर मेक्सिको सिटी, मोन्टरेरी र गुवाडालाजारामा कुल १३ खेलहरु खेलिने छन्। क्यानडाको भागमा पनि १३ खेल परेका छन्। ती खेल टोरन्टो र भानकुभर सहरमा हुनेछन्। मेक्सिको र अमेरिकासँग विश्वकप फुटबल आयोजनाको अनुभव छ। मेक्सिकोले सन् १९७० र १९८६ तथा अमेरिकाले सन् १९९४ मा विश्वको सबभन्दा ठुलो फुटबल प्रतियोगिताको आयोजना गरेको हो। क्यानडाले भने पहिलो पटक विश्वकप आयोजना गर्दैछ।

हुन त विश्वकप फुटबल जस्तो प्रतियोगितामा उपाधि विजेताको ठोकुवा गर्न सकिँदैन। तर विश्वकप मञ्चमा हुने श्रेष्ठताको लडाइँमा यसपालि स्पेन र फ्रान्सलाई प्रमुख उपाधि दाबेदारका रूपमा लिइएको छ। त्यसपछि गत विजेता अर्जेन्टिना, बेलायतलाई पनि विश्वकप जित्ने प्रवल टिमका रूपमा आँकिएको छ। जर्मनी, पोर्चुगल, ब्राजिल, नेदरल्यान्ड्सलाई पनि दाबेदारीको सूचीबाट झिक्न मिल्दैन।

प्रसिद्धि कमाउने र आफूलाई महान् बनाउने ठुलो मञ्चमा नेमार, किलियन एमबापे, लामिने यमाल, ओसमान डेम्बेले, इर्लिङ हालान्ड, मोहम्मद सलाह जस्ता स्टार खेलाडी चम्किने अपेक्षा गरिएको छ। तर यसपालि पनि चर्चा लियोनेल मेसी र क्रिस्टियानो रोनाल्डोकै हुने पक्का छ। यस विश्वकपमा आधुनिक फुटबलका दुई महान् खेलाडी अर्जेन्टिनाका मेसी र पोर्चुगलका रोनाल्डोबिच पुनःउत्कृष्टताको लडाइँ हुनेछ। यी दुवै अन्तिम पटक विश्व कप खेलिरहेको हुनाले भावनात्मक क्षण पनि पक्कै आउने छ। यी दुवै छैटौँ पटक विश्वकप खेल्ने तयारीमा छन्। तर ढल्किँदो उमेरमा यी दुईका लागि यो विश्वकप अग्निपरीक्षा नै हुनेछ।

यसैगरी प्रत्येक संस्करणमा जस्तै चोटले अथवा आफ्नो टिम छनोट नहुँदा विश्वका केही उत्कृष्ट खेलाडी पनि यस पटक अभाग्यशाली साबित भएका छन्। विभिन्न कारणले अभाग्यशाली हुँदा फ्रान्सका ह्युगो इकिटिके, ब्राजिलका स्टार खेलाडीद्वय रोड्रिगो र इडर मिलिटाओ, जर्मनी तथा बायर्न म्युनिखका फरवार्ड सर्जी गाब्री, इङ्गल्यान्डका कोल पाल्मर, फिल फोडेन, अर्जेन्टिनाका पाउलो डिबाला, पोल्यान्डका स्ट्राइकर रोबर्ट लेवान्डोस्की, जर्जियाका कभारा केभित्सखलिया र हङ्गेरीका डोमिनिक सोबोस्लाई जस्ता खेलाडी दर्शकमा सीमित भएका छन्।

विश्वकप-२०२६ सुरु हुनुअघि बिभिन्न देशबिचको कूटनीतिक चिसोपना, यात्रा प्रतिबन्ध, कठोर आप्रवासन नीति, हालै मध्यपुर्वको युद्धको भय जस्ता चुनौतीहरुले पनि घर गरेको छ। यस पटकको विश्वकपका टिकट अहिलेसम्मकै सबैभन्दा महँगा छन्। त्यसमाथि इरानसँगको युद्ध यस विश्वकपको सबैभन्दा जटिल पाटो हो। यसबाहेक अत्यधिक गर्मी पनि चुनौती हुनेछ। यस विश्वपकमा कुल पुरस्कार राशि ६५५ मिलियन डलर रहेको छ। यो कतार विश्व कपको तुलनामा ४९ प्रतिशतले बढी हो। यस वर्ष च्याम्पियनले ५० मिलियन डलर प्राप्त गर्नेछ।

साभार : गोरखापत्र

# 'अबिरकेशरी बनाउने तालिम सकियो



सन्देश संवाददाता

हेटौँडा/मकवानपुर उद्योग वाणिज्य संघको महिला उद्यमी विकास समितिले आयोजना गरेको अबिरकेशरी बनाउने तालिम बिहीबार सम्पन्न भएको छ।

हेटौँडा उपमहानगरपालिका कार्यालयको आर्थिक सहकार्यमा आयोजित १५ दिने तालिम समितिका सभापति सीतादेवी भेटवालको सभाध्यक्षता तथा हेटौँडा उपमहानगर पालिका प्रवक्ता/हेटौँडा-१ का अध्यक्ष सबिन न्यौपानेको प्रमुख आतिथ्यतामा समापन कार्यक्रम भएको थियो।

कार्यक्रमका प्रमुख अतिथि न्यौपानेले तालिमका प्रशिक्षार्थीहरुलाई उद्योग दर्ता गरी उत्पादन शुरु गर्न आग्रह गर्दै अनलाइन प्रचारको सहायता लिन, मकवानपुर उद्योग वाणिज्य संघ र हेटौँडा उपमहानगर पालिका कार्यालयको सहयोग लिन प्रेरित गरे। उत्पादनको गुणस्तर कायम गर्दै मार्केटिङका उपायहरु अपनाइ दीगो सञ्चालनमा लाग्न उनको आग्रह थियो। ढाकाको कपडा उत्पादन, ड्रागनफ्रुट खेती र गुन्द्रुक उत्पादन कार्यलाई पालिकाले प्रवर्द्धन गरेको र सफल देखिएको उनले बताए।

समापन कार्यक्रममा सभापति भेटवालले तालिमबाट प्राप्त सिप प्रमाणपत्रमा मात्र सीमित नराखी उत्पादनमा लाग्न आग्रह गरिन्। थोरै परिमाणमा उत्पादन घरमै गर्न सकिने र व्यावसायिक उत्पादनका लागि उपकरणाहरु आवश्यक पर्ने देखिएको उनको भनाइ थियो। महिला उद्यमीहरुलाई प्रोत्साहन गर्न हेटौँडा उपमहानगरपालिबाट बजेट व्यवस्था गरिदिन उनले आग्रह गरिन्। तालिमको बीचमा बैंकका प्रतिनिधिबाट बैंकिङ विषय, सफल उद्यमीका तर्फबाट व्यावसायिक मार्गदर्शन, उत्पादनका लागि आवश्यक उपकरणबारे जानकारी र स्टार्टअप कर्जा जस्ता उद्यम सञ्चालनका लागि महत्वपूर्ण जानकारीहरु फरकफरक विज्ञहरुबाट प्रदान गरिएको थियो।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघ पूर्वअध्यक्ष राजकुमार न्यौपाने, महासचिव प्रतिमा श्रेष्ठ, कोषाध्यक्ष तेजराज अधिकारी, महिला उद्यमी विकास समिति पूर्वसभापति तथा संघका सहकोषाध्यक्ष निलम वैद्य, प्रमुख प्रशिक्षक रुशन घिमिरे, समिति सचिव सुनिता हाडा र प्रशिक्षार्थीका तर्फबाट सुमित्रा श्रेष्ठले मन्तव्य राखेका थिए। कार्यक्रमका प्रशिक्षार्थी ४२ जनालाई प्रमुख अतिथि प्रवक्ता न्यौपानेले प्रमाणपत्र प्रदान गरेका थिए।

उद्घाटन कार्यक्रमको अध्यक्षता महिला उद्यमी विकास समितिका सभापति सीतादेवी भेटवालले गरेकी थिइन् भने कार्यक्रमकी प्रमुख अतिथि हेटौँडा उपमहानगर प्रमुख मीनाकुमारी लामाले रहिन्। कार्यक्रमका विशिष्ट अतिथि नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश उपाध्यक्ष कृष्णकुमार गुप्ता थिए।

पूजा, अनुष्ठान र मांगलिक कार्यहरुमा प्रयोग गरिने अबिरकेशरी पहेंलो रङको पवित्र टीका वा पाउडर हो। यसलाई हिन्दु परम्पराअनुसार देवताको पूजा गर्दा र शुभकार्यहरुमा निधारमा लगाउन प्रयोग गरिन्छ। यो धार्मिक कार्यहरुमा निकै महत्वपूर्ण मानिन्छ।

नेपालका विभिन्न स्थान हरुमा यसको प्रयोग र गुणस्तरलाई लिएर कार्यक्रमहरु हुने गरेका छन्।

*वर्षौंदेखि कब्जामा रहेको जग्गा*

# सार्वजनिक कायम गर्न अदालतको आदेश



सन्देश संवाददाता

वीरगञ्ज/वर्षौंदेखि व्यक्तिको कब्जामा रहेको वीरगञ्ज महानगर पालिका-११ रानीघाटस्थित ७ कठ्ठा १५ धुर जग्गा सार्वजनिक कायम गर्न पर्सा जिल्ला अदालतले आदेश दिएको छ।

रामजानकी मठ परिसरभित्र रहेको कित्ता नम्बर ३७ को उक्त जग्गालाई सार्वजनिक कायम गर्न न्यायाधीश माधव प्रसाद घिमिरेको एकल इजलासले निर्णय गरेको हो।

प्रदीप कुमार रौनियारले सो जग्गा आफ्नो भएको दाबी गर्दै दायर गरेका पाँच वटा मुद्दामा वादीको दाबी नपुगेको ठहर गर्दै अदालतले ती मुद्दा खारेज गरेको छ। साथै, जग्गा सार्वजनिक कायम गर्न माग गर्दै दायर गरिएका नौ वटा मुद्दामा दाबी पुग्ने ठहर गर्दै अदालतले जग्गा तत्काल सार्वजनिक कायम गर्न आदेश दिएको अधिवक्ता दिननाथ प्रसाद साहले जानकारी दिए।

उनका अनुसार जग्गा खिचलो लगायत विभिन्न शीर्षकमा दायर गरिएका कुल १४ वटा मुद्दाको एकैसाथ सुनुवाइ गर्दै अदालतले उक्त निर्णय सुनाएको हो।

रौनियारका तर्फबाट अधिवक्ता मोहम्मद नौसाद, पन्नालाल गुप्ता, जोगिन्द्र यादव र सन्तोष श्रीवास्तवले बहस गरेका थिए भने सार्वजनिक कायम गर्नुपर्ने पक्षका तर्फबाट अधिवक्ता दिननाथ प्रसाद साहले बहस गरेका थिए।

मुद्दाको लिखित फैसला आउन करिब एक महिना लाग्ने स्रोतले जनाएको छ। फैसला सार्वजनिक भएपछि रौनियारले चाहेमा उच्च अदालत वीरगञ्ज इजलासमा पुनरावेदन गर्न सक्ने कानुनी व्यवस्था रहेको बताइएको छ।

# फाष्टट्र्याकको भ्यान दुर्घटनामा दुईको मृत्यु

सन्देश संवाददाता



हेटौँडा/मकवानपुरको भीमफेदी गाउँपालिका-८, बैदमार स्थित तराई-मधेश फाष्टट्र्याकको पिकअप भ्यान दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ। बुधबार राति साढे १० बजे माण्डु हाइड्रोपावर तर्फबाट इपातर्फ जाँदै गरेको बा.प्र.०१-०३३च२१४४ नम्बर योद्धा पिकअप (फाष्ट ट्र्याकको गाडी) सडकबाट करिब १ सय फिट तल खोलामा खसेर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ। उनीहरुको घटनास्थलमा मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा सिन्धुलीको कमलामाई नगरपालिका-९, भिमान बस्ने करिब ४२ वर्षीय बोधराज बुढाथोकी र बाराको पचरौता नगर पालिका-७ निवासी २१ वर्षीय सूर्य यादव गम्भीर घाइते भएका थिए। बुढाथोकी नेपाली सेनाका पूर्वहवल्दार तथा चालक रहेको र यादव फाष्ट ट्र्याक आयोजनामा इञ्जिनियरका रुपमा कार्यरत् रहेको प्रहरी नायव उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए।

दुर्घटनाको खबर प्राप्त हुनासाथ नेपाल प्रहरी तथा नेपाली सेनाको काठमाडौं-तराई द्रुतमार्ग सिस्नेरी बेसक्याम्पबाट संयुक्त उद्धार टोली घटनास्थलमा खटिएको थियो। टोलीले गाडीमा सवार दुई जनालाई गम्भीर घाइते अवस्थामा उद्धार गरी उपचारका लागि पठाएको थियो। बुधबार राति दुर्घटना भए पनि उनीहरुलाई बिहीबार विहानमात्र हेटौँडा अस्पताल ल्याइएको थियो। अस्पतालका चिकित्सकले मृतघोषणा गरेको प्रहरीले जनाएको छ। शव हेटौँडा अस्पतालमा राखिएको छ। दुर्घटनाको थप अनुसन्धान भइरहेको छ।

# बागमतीका ११ जिल्ला ब्लड बैंकलाई रेफ्रिजेरेटर हस्तान्तरण

सन्देश संवाददाता




हेटौँडा/बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयअन्तर्गत रहेको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले रक्तसञ्चार सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउन नेपाल रेडक्रस सोसाइटीका जिल्ला शाखाहरूलाई ब्लड बैंक रेफ्रिजेरेटर हस्तान्तरण गरेको छ।

बिहीबार हेटौँडामा आयोजित कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले रसुवा र सिन्धुपाल्चोकबाहेकका ११ जिल्लाका नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधिलाई ब्लड बैंक रेफ्रिजेरेटर हस्तान्तरण गरेका छन्। रक्तसञ्चार सेवाको गुणस्तर अभिवृद्धि तथा रगतको सुरक्षित भण्डारणका लागि उक्त उपकरण प्रदान गरिएको हो।

स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका बायोइन्जिनियर नेल्सन महतका अनुसार प्रतिगोटा दुई लाख ७५ हजार ५५५ रुपैयाँ (भ्याटबाहेक) मूल्यका ११ थान ब्लड बैंक रेफ्रिजेरेटर करिब ३१ लाख रुपैयाँ (भ्याट बाहेक) लागतमा खरिद गरी प्राविधिक परीक्षणपछि हस्तान्तरण गरिएको हो।

उनले प्रदेश विपन्न नागरिक एवं आकस्मिक उपचारका लागि रक्तसञ्चार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ बमोजिम सेवा प्रवाह भइरहेका जिल्लामा उपकरण उपलब्ध गराइएको जानकारी दिए। कुनै कारणवश सम्बन्धित जिल्लामा रेडक्रसमार्फत् सेवा सञ्चालन हुन नसकेमा उक्त उपकरण सम्बन्धित जिल्लाको जनस्वास्थ्य कार्यालयलाई हस्तान्तरण गरिने सर्तसमेत सम्झौतामा समावेश गरिएको उनले बताए।

हस्तान्तरण गरिएका २३० लिटर क्षमताका रेफ्रिजेरेटरमा एकै पटक १५० वटा ब्लड ब्याग सुरक्षित राख्न सकिनेछ। उपकरणमा थर्मल इन्सुलेसन, अटोमेटिक डिफ्रोस्ट, डाटा व्यवस्थापनलगायत आधुनिक सुविधाहरु समावेश भएका छन्।

कार्यक्रममा मुख्यमन्त्री बानियाँले रेडक्रसलाई सेवाग्राहीका गुनासोरहित सेवा प्रवाह गर्न आग्रह गरे। रगत संकलन, भण्डारण र वितरण प्रक्रियामा बेला-बेला सेवाग्राहीका गुनासा आउने गरेको उल्लेख गर्दै उनले पारदर्शी, अनुशासित र जिम्मेवारढंगले सेवा सञ्चालन गर्नुपर्नेमा जोड दिदै अवका दिनमा गुनासो सुन्न नपरोस।

मुख्यमन्त्री बानियाँले प्रदेश सरकारले रगत संकलनका लागि आवश्यक ब्लड ब्यागलगायत सामग्रीमा निरन्तर सहयोग गर्दै आएको उल्लेख गर्दै विपद्का समयमा रेडक्रसले पुऱ्याएको योगदान प्रशंसनीय रहेको बताए। साथै प्रदेश सरकारले विपन्न नागरिकलाई प्राथमिकतामा राखेर स्वास्थ्य सेवा विस्तार गरिरहेको उनको भनाइ थियो।

प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले रेडक्रसद्वारा सञ्चालित ब्लड बैंकहरूको क्षमता अभिवृद्धिका लागि रेफ्रिजेरेटर सहयोग कार्यक्रम सुरु गरिएको जानकारी गराए। सरकार र रेडक्रसबिचको सम्बन्ध नङ र मासुजस्तै घनिष्ठ रहेको उल्लेख गर्दै उनले भूकम्प, महामारी तथा अन्य विपद्का बेला रेडक्रसले अग्रपङ्क्तिमा रहेर उद्धार, राहत तथा रक्तसञ्चार सेवा प्रदान गर्दै आएको स्मरण गर्दै धन्यवाद व्यक्त गरे।

रेडक्रस मानवीय सेवामा समर्पित संस्था भएको उल्लेख गर्दै मन्त्री थापाले आगामी दिनमा पनि सरकार र रेडक्रसबीचको सहकार्यलाई अझ सुदृढ बनाइने बताए।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बागमती प्रदेशका सभापति भोला रुपाखेती, रेडक्रसका पूर्व केन्द्रीय उपमहासचिव मनोजकुमार थापालगायत वक्ताहरूले रक्तसञ्चार सेवालाई समयसापेक्षरुपमा थप प्रभावकारी बनाउदै आगामी दिनमा अझै विश्वसनीय बनाउने दायित्व बढ्दै गएको धारणा व्यक्त गरे।

# माइती नेपाललाई ७ लाखका सामग्री सहयोग

सन्देश संवाददाता

हेटौँडा/मानव बेचबिखनको जोखिममा रहेका तथा बेचबिखन प्रभावित महिला तथा किशोरीलाई सुरक्षित आश्रय प्रदान गर्दै आएको माइती नेपाललाई बागमती प्रदेश सामाजिक विकास कार्यालयले करिब ७ लाख बराबरका विभिन्न सामग्री सहयोग गरेको छ।

बिहीबार माइती नेपालको कार्यालयमा आयोजित कार्यक्रममा सामग्री हस्तान्तरण गरिएको हो। कार्यक्रम संयोजक माया लामाले सुरक्षित आवासगृह सञ्चालन तथा सेवाप्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक सामग्री प्रदान गरिएको जानकारी दिइन्। हस्तान्तरण गरिएका सामग्रीमा सोफा, कार्यालय फर्निचर, भ्याकुम क्लिनर, कार्पेट, स्पिकर, प्रोजेक्टर, किचन ऱ्याक, फ्रिज, टेलिभिजन, वासिङ मेसिन, ब्ल्यांकेट, कपडा राख्ने ऱ्याक, किचन फर्निचर, ल्यापटप, टेबल-कुर्सी, सिलाइ मेसिनलगायत सामग्री छन्।

माइती नेपाल मकवानपुर संयोजक लामाको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा बागमती प्रदेशसभा सदस्य भारती पाठक प्रमुख अतिथिका रुपमा सहभागी थिइन्। कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेशसभा सदस्य पाठकले मानव बेचबिखन नियन्त्रण तथा पीडितहरुको संरक्षणमा माइती नेपालले पुऱ्याएको योगदानको प्रशंसा गरिन्। उनले संस्थाले मानव बेचबिखनविरुद्ध अभियानलाई प्रभावकारीरुपमा अघि बढाउँदै छुट्टै पहिचान स्थापित गर्न सफल भएको बताइन्। आश्रयमा रहेका किशोरी तथा महिलालाई सिकेका सिपलाई निरन्तरता दिन आग्रह गरिन्। उक्त सहयोगका लागि आवश्यक बजेट व्यवस्था गर्न आफ्नो पहल रहेको पनि उनले उल्लेख गरिन्।

माइती नेपालकी कार्यक्रम संयोजक लामाले संस्थालाई अत्यावश्यक सामग्री उपलब्ध गराएर सरकारले ठूलो सहयोग गरेको बताउँदै सरकारी सहयोगले सेवाप्रवाहलाई थप सहज र प्रभावकारी बनाउन मद्धत पुग्ने विश्वास व्यक्त गरिन्। माइती नेपालले मानव बेचबिखन तथा अन्य जोखिममा परेका महिला र किशोरीलाई आश्रय प्रदान गर्नुका साथै विभिन्न सिपमूलक तालिममार्फत् उनीहरुलाई आत्मनिर्भर बनाउने कार्य गर्दै आएको छ।




ईतिहासमा गौरव बोकेको, गुणस्तरीय बिश्वाशिलो नाम
शिक्षा, अनुशासन र सफलताको पहिचान
"आजको सही निर्णय, भोलिको सफल भबिष्य"
भुटनदेवी माध्यमिक बिद्यालयमा
!! भर्ना खुल्यो !!
अब आफ्नो उज्जवल भविष्यको सुरुवात गर्नुहोस्, अनुभवि शिक्षक, आधुनिक शिक्षा प्रणाली र अनुशासित शैक्षिक वातावरणसहित

बिषयहरू :
- बिज्ञान बिषय (Science)
- व्यवस्थापन बिषय (Management)
- होटल म्यानेजमेण्ट (Hotel Management)
- सिभिल ईन्जिनियरिङ बिषय (Civil Engineering)
- शिक्षा र कम्प्युटर बिषय (Education & Computer)

॥ ॥ ॥

शैक्षिक उष्कृटताको लामो ईतिहास बोकेको यस बिद्यालय हाल ISO Certification प्रक्रियामा अग्रसर हुदै अझ गुणस्तरीय र अन्तराष्ट्रियस्तरको शिक्षातर्फ उन्मुख छ।

हाम्रा बिशेषताहरू :
- दक्ष तथा अनुभवी शिक्षकहरु
- व्यवस्थित कक्षा कोठाहरु
- आधुनिक प्रयोगशाला
- प्रबिधिमैत्री शिक्षण सिकाई
- उत्कृष्ट नतिजा
- पर्याप्त खेल मैदान
- GPA अनुसार पूर्ण छात्रबृत्तिको व्यवस्था भएको

तपाईको सपना र सफलताको यात्रामा
संधै एक कदम अगाडि
आजै आफ्नो सिट सुरक्षित गर्नुहोस्
थप जानकारी तथा भर्नाको लागि बिद्यालयमा सम्पर्क राख्नुहोला।
भुटनदेवी माध्यमिक बिद्यालय
सम्पर्क: ०५७-५२०४२०, ९८५५०७०५३५, ९८४५४५९५०८

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौँडा सन्देशका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना, कार्यालय: हेटौँडा-२ नगरपालिका रोड, फोन: ०५७-५२२२३७, ५२४२३६, E-mail: htd.sandesh@gmail.com, प्रबन्ध निर्देशक/सम्पादक: माधव न्यौपाने